नेपाल नागरिक उड्डयन प्राधिकरण

# विमानस्थल सेवा शुल्क नियमावली, २०७८

(नेपाल सरकारबाट स्वीकृत मिति २०७८/१२/३०)

## नेपाल नागरिक उड्डयन प्राधिकरण

बबरमहल, काठमाडौं

# विषय-सूची


| परिच्छेद/ अनुसूची | विषय | पेज नं. |
|---|---|---|
| परिच्छेद-१: प्रारम्भिक | | १ |
| परिच्छेद-२: सेवा शुल्क सम्बन्धी | | ३ |
| परिच्छेद-३:आय सङ्कलन गर्ने सम्बन्धी व्यवस्था | | २४ |
| परिच्छेद-४: विविध | | ३२ |
| अनुसूची-१: अवतरण (ल्याण्डिङ्ग) सेवा शुल्क | | ३७ |
| अनुसूची-२: गृह आश्रय (हाउजिङ्ग) सेवा शुल्क | | ४२ |
| अनुसूची-३: भूमिस्थ प्रबन्ध सेवा (ग्राउण्ड ह्याण्डलिङ्ग) शुल्क | | ४४ |
| अनुसूची-४: विसान (पार्किङ्ग) सेवा शुल्क | | ४६ |
| अनुसूची-५: सञ्चार तथा उड्डयन सहाय सेवा शुल्क | | ४८ |
| अनुसूची-६: सञ्चार तथा उड्डयन सहाय सेवा (ओभरफ्लाई) शुल्क | | ४९ |
| अनुसूची-७: मालसामान (कार्गो) ढुवानी शुल्क | | ५० |
| अनुसूची-८: यात्रु सेवा सुविधा शुल्क | | ५१ |
| अनुसूची-९: प्रवेश शुल्क | | ५२ |
| अनुसूची-१०: उद्धार तथा अग्नि निवारण सेवा शुल्क | | ५४ |
| अनुसूची-११: हवाई इन्धन बिक्री सेवा शुल्क | | ५५ |
| अनुसूची-१२: क्याटरिङ्ग सेवा शुल्क | | ५६ |
| अनुसूची-१३: मालसामान (कार्गो) प्रबन्ध सेवा शुल्क | | ५७ |
| अनुसूची-१४: ट्रान्जिट कार्गो सेवा शुल्क | | ६० |
| अनुसूची-१५: यात्रु परिवहन सेवा शुल्क | | ६१ |
| अनुसूची-१६: वायुयान आश्रय गृह (हैङ्गर) बहाल शुल्क | | ६२ |
| अनुसूची-१७: विज्ञापन शुल्क | | ६३ |

| | |
|---|---|
| अनुसूची-१८: व्यागेज स्क्रिनिङ्ग शुल्क | ६५ |
| अनुसूची-१९: एरोनटिकल अपरेशन कन्ट्रोल कम्युनिकेशन (AOCC) शुल्क | ६६ |
| अनुसूची-२०: CUPPS वा CUTE तथा BRS सेवा शुल्क | ६७ |
| अनुसूची-२१: चलचित्र छायाङ्कन शुल्क | ६८ |
| अनुसूची-२२: भवन तथा कोठा बहाल शुल्क | ६९ |
| अनुसूची-२३: जग्गा बहाल शुल्क | ७१ |
| अनुसूची-२४: अन्य सेवा शुल्क | ७३ |

# नेपाल नागरिक उड्डयन प्राधिकरण
# विमानस्थल सेवा शुल्क नियमावली, २०७८

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल नागरिक उड्डयन प्राधिकरणले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "विमानस्थल सेवा शुल्क नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृत भएको मितिले पैंतालीस दिन पछि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "आय" भन्नाले प्राधिकरणले ऐन वा यस नियमावली बमोजिम असुल गर्ने शुल्क, भाडा, दस्तुर, रोयल्टी आय अंश वा अन्य निश्चित आय सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले प्राधिकरणको प्रधान कार्यालय वा सो अन्तर्गतका कार्यालय तथा आयोजना सम्झनु पर्छ ।

(घ) "कार्यालय प्रमुख" भन्नाले कार्यालयको प्रमुख भई कामकाज गर्नको लागि तोकिएको कर्मचारी सम्झनु पर्छ।

(ङ) "जमानत" भन्नाले कुनै आय ठेक्का बन्दोबस्त गर्दा कूल ठेक्का अंकको निश्चित प्रतिशत नगद धरौटी वा वाणिज्य बैंकबाट जारी भएको जमानत सम्झनु पर्छ ।

(च) “ठेक्का” भन्नाले यस नियमावली बमोजिम प्राधिकरणलाई भाडा, शुल्क, दस्तुर, रोयल्टी, आय अंश वा अन्य निश्चित रकम बुझाउने गरी व्यापार व्यवसाय वा सेवा सुविधा सञ्चालन गर्न प्राधिकरण वा विमानस्थल कार्यालयसँग गरिएको लिखत सम्झनु पर्छ ।

(छ) “प्राधिकरण” भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ ।

(ज) “बढाबढ वा घटाघट” भन्नाले यस नियमावली बमोजिम ठेक्का बन्दोबस्त गर्नका लागि ठेक्का लिन चाहने व्यक्तिहरूबाट डाँक बोलाई गरिएको बढाबढ वा घटाघट सम्झनु पर्छ ।

(झ) “बोलपत्र सम्बन्धी कागजात” भन्नाले बोलपत्रदाताले मूल्य वा प्रस्ताव वा दररेट भरी वा तयार गरी पेश गर्नका लागि बोलपत्र आव्हान गर्ने सम्बन्धित निकायले तयार गरेको लिखत सम्झनु पर्छ र सो शब्दले बोलपत्रदातालाई दिइएको निर्देशन, स्पेशिफिकेसन, नक्सा, डिजाईन, कार्यक्षेत्रगत शर्तहरू (टर्म्स अफ रेफरेन्स), कार्यतालिका, मूल्याङ्कनका आधार, परिमाण सूची, सम्झौताका शर्तहरू र यस्तै अन्य कागजात समेत सम्झनु पर्छ।

(ञ) “मन्त्रालय” भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

(ट) “विशेष परिस्थिति” भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक वा दैवी प्रकोप तथा महामारीबाट सिर्जित परिस्थिति सम्झनु पर्छ ।

(ठ) “शुल्क” भन्नाले ऐन तथा यस नियमावलीबमोजिम कार्यालयले उपलब्ध गराउने सेवा सुविधा वापत असूल उपर गर्ने शुल्क सम्झनु पर्छ र सो शब्दले भाडा, दस्तुर तथा आय अंशलाई समेत जनाउँछ ।

(ङ) "सम्झौता" भन्नाले बोलपत्रका कागजात वा प्रस्ताव सम्बन्धी कागजातमा तोकिएका शर्तहरूमा दुईपक्ष सहमत भई संयुक्त रुपमा हस्ताक्षर भएको लिखत सम्झनु पर्छ ।

(ढ) "सेवा" भन्नाले ऐन तथा यस नियमावलीबमोजिम कार्यालय वा अन्य सेवा प्रदायकले उपलब्ध गराउने विभिन्न प्रकारको सेवा सुविधा सम्झनु पर्छ ।

(ण) "सार्वजनिक निकाय" भन्नाले पूर्ण सरकारी वा नेपाल सरकारको पचास प्रतिशत भन्दा बढी शेयर स्वामित्व रहेको निकाय सम्झनु पर्छ ।

परिच्छेद - २

## <u>सेवा शुल्क सम्बन्धी</u>

३. **<u>अवतरण (ल्याण्डिङ्ग) सेवा शुल्कः</u>** (१) प्राधिकरणले विमानस्थलमा वायुयान अवतरण (ल्याण्डिङ्ग) सेवा उपलब्ध गराए वापत अनुसूची-१ मा उल्लेख भएबमोजिमको अवतरण सेवा शुल्क लगाउनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका वायुयानको अवतरणमा प्राधिकरणले देहायबमोजिमको शुल्क लगाउनेछः-

(क) चार्टर वायुयानको लागि अनुसूची-१ बमोजिमको शुल्कको दरमा थप पच्चीस प्रतिशत,

(ख) परीक्षण वा प्रशिक्षण वायुयानको लागि अनुसूची-१ बमोजिमको सेवा शुल्कको दरमा पचास प्रतिशत शुल्क छुट ।

(३) प्राधिकरणले कुनै विमानस्थलमा उच्च उडान चाप समय (पिक आवर) वा न्यून उडान चाप समय (लिन आवर) निर्धारण गरेको समयमा उडान गर्ने सबै वायुयानका लागि अनुसूची-१ बमोजिम

लाग्ने सेवा शुल्कको दरमा उच्च उडान चाप समयको लागि पच्चीस प्रतिशतसम्म वृद्धि गर्न वा न्यून उडान चाप समयको लागि पच्चीस प्रतिशतसम्म दस्तुर छुट दिन सक्नेछ।

(४) अन्तर्राष्ट्रिय उडानको कुनै वायुयान गन्तव्य स्थानमा जान नसकी फिर्ता भई नेपालको कुनै विमानस्थलमा अवतरण गरेमा प्राधिकरणले त्यस्तो वायुयानको लागि अनुसूची–१ मा उल्लेख भए अनुसारको सेवा शुल्क लगाउनेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका वायुयान विमानस्थलमा अवतरण गर्दा प्राधिकरणलाई सेवा शुल्क बुझाउनु पर्ने छैनः-

(क) प्राधिकरणको आफ्नै फ्लाईट क्यालिब्रेशन वा परीक्षण उडानमा संलग्न गराइएको,

(ख) संयुक्त राष्ट्र संघमा दर्ता रहेको,

(ग) कुटनैतिक उडानको वायुयान भनी मन्त्रालयबाट लेखी आएको ।

४. **<u>गृह आश्रय (हाउजिङ्ग) सेवा शुल्क:</u>** (१) प्राधिकरणले निर्माण गरेको हैंगरमा वायुयानलाई गृह आश्रय सेवा उपलब्ध गराए वापत सम्बन्धित वायुसेवा सञ्चालन संस्थाले प्रत्येक चौबीस घण्टा वा सोभन्दा कम समयको लागि एकपटक कायम गरी अनुसूची–२ मा उल्लेख भएबमोजिमको गृह आश्रय सेवा शुल्क प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

(२) कुनै वायुसेवा सञ्चालन संस्थाले प्राधिकरणबाट जग्गा भाडामा लिई आफैले निर्माण गरेको ह्यांगरमा वायुयान विसान गरेको अवस्थामा उपनियम (१) बमोजिमको अनुसूची–२ मा उल्लेख भएबमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

५. **भूमिस्थ प्रबन्ध सेवा (ग्राउण्ड ह्याण्डलिङ्ग) शुल्क:** (१) प्राधिकरणले विमानस्थलमा अन्तर्राष्ट्रिय उडानहरूका लागि भूमिस्थ प्रबन्ध सेवा उपलब्ध गराए वापत भूमिस्थ प्रबन्ध सेवा शुल्क लगाउनेछ।

(२) प्राधिकरणले उपनियम (१) बमोजिमको सेवा शुल्क लगाउने प्रयोजनको लागि भूमिस्थ प्रबन्ध सेवा सञ्चालन गर्ने विमानस्थलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबीच प्रतिस्पर्धा गराई छनौट भएको संस्थालाई त्यस्तो सेवा उपलब्ध गराउन अनुमति दिनेछ ।

(३) उपनियम (२) बमोजिमको भूमिस्थ प्रबन्ध सेवा सञ्चालनको लागि संस्था छनौट गर्ने आधार तथा त्यस्तो संस्थालाई अनुमति दिने प्रक्रिया समितिबाट निर्धारण भएबमोजिम हुनेछ।

(४) उपनियम (२) बमोजिम प्रतिस्पर्धाबाट समयमै संस्था छनौट गर्न नसकी सेवा प्रवाहमा अवरोध हुने अवस्था देखिएमा समितिको स्वीकृतिमा नेपाल सरकारको पचास प्रतिशतभन्दा बढी स्वामित्व भएको संस्थालाई वार्ताद्वारा तोकिएको अवधिसम्मको लागि भूमिस्थ सेवा सञ्चालनको अनुमति दिन सकिनेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली प्रारम्भ हुँदाका बखत कुनै विमानस्थलमा नेपाल सरकारको स्वामित्व भएको संस्थाले भूमिस्थ प्रबन्ध सेवा प्रदान गरिरहेको भएमा प्राधिकरणले तोकेको शर्तमा त्यस्तो संस्थाको सेवालाई निरन्तरता दिन सक्नेछ ।

(६) भूमिस्थ प्रबन्ध सेवा सञ्चालनका लागि दिइने आवेदन शुल्क, अनुमति शुल्क, नवीकरण शुल्क तथा धरौटी सम्बन्धी व्यवस्था अनुसूची–३ मा उल्लेख भएबमोजिम हुनेछ।

(७) विमानस्थलमा भूमिस्थ प्रबन्ध सेवा उपलब्ध गराउनको लागि अनुमति प्राप्त संस्थाले सङ्कलन गर्ने भूमिस्थ प्रबन्ध सेवा शुल्क प्राधिकरणले निर्धारण गरेबमोजिम हुनेछ।

(८) उपनियम(७) बमोजिम सङ्कलन गरिएको भूमिस्थ प्रबन्ध सेवा शुल्कको विवरण अनुमति प्राप्त संस्थाले प्रत्येक महिना समाप्त भएको सात दिनभित्र प्राधिकरणमा बुझाउनु पर्नेछ ।

६. **<u>विसान (पार्किङ्ग) सेवा शुल्क:</u>** (१) प्राधिकरणले विमानस्थलमा वायुयान विसान सेवा उपलब्ध गराए वापत अनुसूची -४ मा उल्लेख भएबमोजिमको विसान सेवा शुल्क लगाउनेछ ।

(२) उपनियम (१) मा जुनसकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा वायुयानलाई विसान सेवा शुल्क लगाइने छैन :

(क) कुनै वायुयानको जाँच वा निरीक्षणको सिलसिलामा वा अन्य कुनै कारणले महानिर्देशकको आदेशले निगरानीमा राखेकोमा सो अवधिसम्म,

(ख) विमानस्थलमा दुई घण्टासम्म विसान गरेको अवधिसम्म,

(ग) नियम १८ बमोजिम वायुयान आश्रयगृह बहाल शुल्क तिरेको अवधिसम्म,

(घ) प्राधिकरणको आफ्नै फ्लाइट क्यालिब्रेसन वा परीक्षण उडानमा संलग्न भएकोमा,

(ङ) संयुक्त राष्ट्र संघमा दर्ता रहेकोमा,

(च) कुटनैतिक उडानको वायुयान भनी मन्त्रालयबाट लेखी आएमा ।

(३) उडान योग्य नरहेका वा कुनै घटना दुर्घटनाका कारण प्राधिकरणबाट उडान योग्यताको प्रमाणपत्र रद्द गरिएका वायुयानको हकमा उपनियम (१) बमोजिमको शुल्कको पच्चीस प्रतिशत मात्र विसान सेवा शुल्क लाग्नेछ ।

(४) यस नियमको प्रयोजनको लागि प्रत्येक छ घण्टाको समयलाई एक विसान समय मानिनेछ र त्यस्तो समय गणना गर्दा

विमानस्थलमा दुई घण्टाभन्दा बढी समय विसान गरेकोमा सुरु विसान गरेको समयदेखि नै गणना गरिनेछ ।

(५) उपनियम (३) बमोजिमको वायुयान विमानस्थल प्रमुखले निर्धारण गरेको स्थानमा विसान गर्नु पर्नेछ र त्यस्तो वायुयान निर्धारित स्थान बाहेकको अन्य स्थानमा विसान गरेमा निर्धारित स्थानमा सार्दा लागेको खर्च सम्बन्धित वायुयान सञ्चालकबाट असूल उपर गरिनेछ।

(६) सञ्चालन आधार (अपरेटिंग बेस) तोकिएको विमानस्थलमा रात्री विसान नगरी अन्य विमानस्थलमा रात्री विसान गर्ने वायुयानलाई अनुसूची–४ मा उल्लेख भएबमोजिमको शुल्कको दोब्बर शुल्क लगाइनेछ ।

७. **<u>सवारी साधन विसान सेवा शुल्कः</u>** विमानस्थल प्रमुखले निर्धारण गरेको सवारी साधन विसान क्षेत्रमा सवारी साधन विसान गरेवापत प्राधिकरणले निर्धारण गरेबमोजिमको सवारी साधन विसान सेवा शुल्क लाग्नेछ ।

८. **<u>सञ्चार तथा उड्डयन सहाय सेवा शुल्कः</u>** (१) प्राधिकरणले नेपाल राज्यको कुनै विमानस्थलमा अवतरण गर्ने वायुयानलाई सञ्चार तथा उड्डयन सहाय सेवा उपलब्ध गराए वापत प्रत्येक अवतरणको लागि अनुसूची–५ मा उल्लेख भएबमोजिमको सञ्चार तथा उड्डयन सहाय सेवा शुल्क लगाउनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि चार्टर गरिएको वायुयानको हकमा अनुसूची–५ को शुल्कमा पच्चीस प्रतिशत थप शुल्क लगाइनेछ ।

(३) प्राधिकरणले नेपालको वायुक्षेत्रमा उडान गर्ने वायुयानलाई सञ्चार तथा उड्डयन सहाय (ओभर फ्लाई) सेवा उपलब्ध गराए वापत प्रत्येक उडानका लागि अनुसूची–६ मा उल्लेख भएबमोजिमको सञ्चार तथा उड्डयन सहाय सेवा शुल्क लगाउनेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको वायुयानलाई सञ्चार तथा उड्डयन सहाय सेवा शुल्क लाग्ने छैनः-

(क) प्राधिकरणबाट फ्लाइट क्यालिब्रेसन वा परीक्षण उडानमा संलग्न रहेको,

(ख) संयुक्त राष्ट्र संघमा दर्ता रहेको,

(ग) कुटनैतिक उडानको वायुयान भनी मन्त्रालयबाट लेखी आएको ।

९. **<u>मालसामान (कार्गो) ढुवानी शुल्कः</u>** प्राधिकरणले आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानमा मालसामान ढुवानी सेवा उपलब्ध गराउने वायुसेवा सञ्चालन संस्थासँग त्यस्तो ढुवानी सेवा उपलब्ध गराए वापत अनुसूची-७ मा उल्लेख भएबमोजिमको मालसामान ढुवानी सेवा शुल्क लगाउनेछ ।

१०. **<u>यात्रु सेवा सुविधा शुल्कः</u>** (१) प्राधिकरणले दुई वर्ष उमेर नाघेका प्रत्येक हवाई यात्रुलाई अनुसूची-८ मा उल्लेख भएबमोजिमको यात्रु सेवा सुविधा शुल्क लगाउनेछ र प्राधिकरणले त्यस्तो शुल्क उडान हुने विमानस्थलका लागि तोकेबमोजिम हुनेछ।

(२) अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानका यात्रुले यात्रु सेवा सुविधा शुल्क हवाई टिकट खरिद गर्दाकै वखत वायुसेवा सञ्चालन संस्थालाई बुझाउनु पर्नेछ र त्यस्तो उडान रद्द भएमा यात्रु सेवा शुल्कवापतको रकम वायुसेवा सञ्चालन संस्थाले सम्बन्धित यात्रुलाई फिर्ता गर्नु पर्नेछ ।

(३) वायुसेवा सञ्चालन गर्ने संस्थाले वायुयान उडान गर्नु अगावै यात्रु विवरण तथा उपनियम (२) बमोजिम यात्रु सेवा सुविधा शुल्कवापत प्राप्त रकमको विवरण सम्बन्धित विमानस्थल कार्यालय वा प्राधिकरणले तोकिदिएको कार्यालयमा बुझाउनु पर्नेछ ।

(४) विमानस्थल कार्यालयले उपनियम (३) बमोजिम प्राप्त विवरणका आधारमा अघिल्लो महिनामा अन्तर्राष्ट्रिय उडानका यात्रुबाट लिएको यात्रु सेवा सुविधा शुल्कबापतको रकम बुझाउनको लागि ग्रिगोरियन क्यालेण्डर अन्तर्गत हरेक महिनाको पाँच तारिखभित्र सम्बन्धित वायुसेवा सञ्चालन संस्थाका नाममा बिल जारी गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम जारी भएको विल बमोजिमको रकम सम्बन्धित वायुसेवा सञ्चालन संस्थाले सोही महिनाको पच्चीस तारिखभित्र सम्बन्धित विमानस्थल कार्यालय वा प्राधिकरणले तोकिदिएको कार्यालयमा बुझाउनु पर्नेछ ।

(६) कुनै वायुसेवा सञ्चालन संस्थाले उपनियम (५) बमोजिमको अवधिभित्र त्यस्तो रकम नबुझाएमा प्रत्येक दिनको लागि मूल्य अभिवृद्धि कर बाहेकको बिल रकममा शुन्य दशमलब एक प्रतिशतको दरले बिलम्ब शुल्क लाग्नेछ ।

(७) उपनियम (४) बमोजिम जारी भएको विलको रकम सोही महिनाको बाह्र तारिखभित्र बुझाउने वायुसेवा सञ्चालन गर्ने संस्थाले मूल्य अभिवृद्धि कर बाहेकको बिल रकममा एक प्रतिशतका दरले छुट पाउनेछ । तर अघिल्लो महिनाको यात्रु सेवा सुविधा शुल्क नबुझाएका वायुसेवा सञ्चालन संस्थाले त्यस्तो छुट पाउने छैन ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चार्टर उडान सञ्चालन गर्ने वायुसेवा सञ्चालन संस्थाले अन्तर्राष्ट्रिय तथा आन्तरिक वायुयान उडान गर्नु अगावै यात्रु सेवा सुविधा शुल्क सम्बन्धित विमानस्थल कार्यालय वा प्राधिकरणले तोकेको कार्यालयलाई बुझाउनु पर्नेछ।

(९) विमानस्थल कार्यालयमा वायुसेवा सञ्चालन संस्थाले त्यस्तो संस्थाको स्वीकृत उडान तालिका बमोजिम प्रत्येक उडानको

सिट क्षमताको आधारमा एक महिनाको यात्रु सेवा सुविधा शुल्क अग्रीम धरौटीको रुपमा नगद वा बैंक जमानतको रुपमा जम्मा गर्नु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम धरौटी रकम बैंक जमानतको रुपमा राख्नुपर्दा त्यस्तो बैंक जमानत कम्तीमा छ महिनाको मान्य अवधिको हुनु पर्नेछ ।

(११) वायुसेवा सञ्चालन संस्थाले यात्रु सेवा सुविधा शुल्कबापतको रकम नेपाली रुपैयाँ वा अमेरिकी डलरमा बुझाउन सक्नेछन् ।

(१२) वायुसेवा सञ्चालन संस्थाले यात्रुबाट प्राप्त गरेको यात्रु सेवा सुविधा शुल्कको लेखा अद्यावधिक गरी राख्नु पर्नेछ र सोको विवरण प्रत्येक महिना भुक्तान भएको तीनदिन भित्र सम्बन्धित विमानस्थल कार्यालय वा प्राधिकरणले तोकेको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१३) आन्तरिक उडानका यात्रुबाट सङ्कलन भएको यात्रु सेवा शुल्क सम्बन्धित वायुसेवा सञ्चालन संस्थाले पक्षिक रुपमा नेपाली महिनाको एक्काइस गते र अर्को महिनाको सात गतेभित्र सम्बन्धित विमानस्थल कार्यालय वा प्राधिकरणले तोकेको अन्य कार्यालयमा बुझाउनु पर्नेछ ।

(१४) यात्रु सेवा सुविधा शुल्क असुल गर्ने सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

११. **प्रवेश शुल्कः** विमानस्थल कार्यालयले प्रवेश अनुमति दिएको क्षेत्रमा प्रवेश गर्ने व्यक्ति वा सवारी साधनले अनुसूची–९ मा उल्लेख भएबमोजिमको प्रवेश शुल्क बुझाउनु पर्नेछ ।

१२. **उद्धार तथा अग्नि निवारण सेवा शुल्कः** विमानस्थलमा उद्धार तथा अग्नि निवारण सेवा उपलब्ध गराएवापत सम्बन्धित वायुसेवा सञ्चालन

संस्थाले अनुसूची–१० मा उल्लेख भएबमोजिमको उद्धार तथा अग्नि निवारण सेवा शुल्क प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

१३. **<u>हवाई इन्धन बिक्री सेवा शुल्क:</u>** (१) प्राधिकरणबाट अनुमति लिई विमानस्थल क्षेत्रमा हवाई इन्धन बिक्री सेवा सञ्चालन गरेवापत त्यस्तो सेवा प्रदायकले अनुसूची–११ मा उल्लेख भएबमोजिमको हवाई इन्धन बिक्री सेवा शुल्क बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम हवाई इन्धन बिक्री गर्ने संस्थाले इन्धन बिक्रीको मासिक विवरण प्रत्येक महिना समाप्त भएको पाँच दिनभित्र सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ र कार्यालयले सोही आधारमा मासिक विल जारी गर्नेछ ।

१४. **<u>क्याटरिङ्ग सेवा शुल्कः</u>** (१) प्राधिकरणले हवाई यात्रुलाई खाना उपलब्ध गराउने (क्याटरिङ्ग) सेवाका लागि अनुसूची–१२ मा उल्लेख भएबमोजिमको क्याटरिङ्ग सेवा शुल्क लगाउनेछ।

(२) उपनियम (१) बमोजिम हवाई यात्रुलाई खाना उपलब्ध गराउने सेवा उपलब्ध गराउने संस्थाले मासिक बिक्री विवरण प्रत्येक महिना समाप्त भएको पाँच दिनभित्र सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) गुणस्तरीय तथा प्रतिस्पर्धी रूपमा हवाई यात्रुलाई खाना उपलब्ध गराउने सेवा प्रदान गर्ने प्रयोजनको लागि प्राधिकरणले एकभन्दा बढी सेवा प्रदायक संस्थालाई अनुमति प्रदान गर्न सक्नेछ ।

(४) कुनै वायुसेवा सञ्चालन संस्थाले आफै हवाई यात्रुलाई खाना उपलब्ध गराउने सेवा सञ्चालन गर्न चाहेमा प्राधिकरणले आवश्यक मापदण्ड तोकी त्यस्तो सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ र सो सेवा सञ्चालन गरेमा प्राधिकरणले अनुसूची-१२ मा उल्लेख भएबमोजिमको शुल्क लगाउनेछ ।

(५) यस नियमबमोजिम हवाई यात्रुलाई खाना उपलब्ध गराउने सेवाको लागि पाँच वर्षको अनुमति दिइनेछ र त्यस्तो संस्थाले प्रदान गरेको सेवा सन्तोषजनक भएमा प्राधिकरणले अर्को एक अवधिसम्म म्याद थप गरिदिन सक्नेछ ।

(६) कुनै संस्थाले यस नियमबमोजिम अनुमति लिई प्रदान गर्दै आएको हवाई यात्रुलाई खाना उपलब्ध गराउने सेवाका सम्बन्धमा गुनासो आएमा र त्यस्तो गुनासो मनासिव देखिएमा त्यस्तो संस्थाले समयमै गुनासो सम्बोधन गर्नु पर्नेछ र त्यस्तो संस्थाले गुनासो सम्बोधन नगरेमा प्राधिकरणले निश्चित समय तोकी सेवा प्रदान गर्न दिइएको अनुमति खारेज गर्न सक्नेछ।

१५. **<u>मालसामान (कार्गो) प्रबन्ध सेवा शुल्कः</u>** (१) विमानस्थल क्षेत्रभित्र मालसामानको प्रबन्ध मिलाउने सेवा उपलब्ध गराउने संस्थाले अनुसूची–१३ मा उल्लेख भएबमोजिमको मालसामान प्रबन्ध सेवा शुल्क बुझाउनु पर्नेछ ।

(२) मालसामान (कार्गो) प्रबन्ध सेवा सम्बन्धी अन्य व्यवस्था प्राधिकरणबाट स्वीकृत कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ ।

१६. **<u>ट्रान्जिट कार्गो सेवा शुल्कः</u>** (१) ट्रान्जिट कार्गो सञ्चालन गर्ने अनुमति प्राप्त संस्थाले ट्रान्जिट कार्गो हायण्डलिङ्ग गर्दा अनुसूची–१४ मा उल्लेख भएबमोजिमको ट्रान्जिट कार्गो सेवा शुल्क बुझाउनु पर्नेछ।

(२) ट्रान्जिट कार्गो सेवा शुल्क सम्बन्धी अन्य व्यवस्था प्राधिकरणबाट स्वीकृत कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ ।

१७. **<u>यात्रु परिवहन सेवा शुल्कः</u>** विमानस्थल क्षेत्रभित्र यात्रु परिवहन सेवा उपलब्ध गराउने सेवा प्रदायकले अनुसूची–१५ मा उल्लेख भएबमोजिमको यात्रु परिवहन सेवा शुल्क बुझाउनु पर्नेछ।

१८. **<u>वायुयान आश्रय गृह (हैङ्गर) बहाल शुल्कः</u>** प्राधिकरणले विमानस्थल क्षेत्रभित्र प्राधिकरणको स्वामित्वमा रहेको वायुयान आश्रय गृह (हैङ्गर)

भाडामा दिँदा अनुसूची–१६ मा उल्लेख भएबमोजिमको बहाल शुल्क लाग्नेछ।

१९. **विज्ञापन शुल्कः** (१) प्राधिकरणले विज्ञापनको लागि निर्धारण गरेको स्थानमा अनुसूची–१७ मा उल्लेख भएबमोजिमको दरमा प्रतिस्पर्धा गराई विज्ञापन गर्ने व्यक्ति वा संस्थाको छनौट गरी त्यस्तो व्यक्ति वा संस्थालाई विज्ञापन शुल्क लगाउनेछ ।

(२) एकै स्थानबाट एकभन्दा बढी विज्ञापन गर्न सकिने इलेक्ट्रोनिक माध्यमबाट गरिने विज्ञापनको हकमा एकभन्दा बढी विज्ञापन गरेवापत उपनियम (१) बमोजिमको दरमा थप पचास प्रतिशत शुल्क लाग्नेछ ।

(३) विमानस्थलमा राख्न अनुमति दिइने विज्ञापनको स्थान, सङ्ख्या, आकार तथा प्रकार, गुणस्तर लगायतका मापदण्ड प्राधिकरणबाट निर्धारण गरेबमोजिम हुनेछ ।

(४) यस नियम बमोजिम गरिने विज्ञापनको ठेक्का अवधि बढीमा पाँच वर्षको हुनेछ ।

(५) उपनियम (१) बमोजिम विज्ञापनको लागि छनौट भएका व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषेध गरेका धुम्रपान, सुर्तिजन्य पदार्थ, मदिरा जस्ता जनस्वास्थ्यलाई हानी पुऱ्याउने वस्तुको विज्ञापन गर्न गराउन पाउने छैन।

२०. **व्यावसायिक महत्वको कक्ष (सि.आइ.पी. रुम) प्रयोग शुल्कः** विमानस्थलमा व्यावसायिक महत्वको कक्ष (सी.आइ.पी.रुम) व्यवस्थापन मापदण्ड र शुल्क प्राधिकरणले निर्धारण गरेबमोजिम हुनेछ ।

२१. **ब्यागेज स्क्रिनिङ्ग शुल्कः** प्राधिकरणले विमानस्थलमा ब्यागेज स्क्रिनिङ्ग सेवा उपलब्ध गराए वापत सम्बन्धित वायुसेवा सञ्चालन गर्ने संस्थाले अनुसूची–१८ मा उल्लेख भएबमोजिमको ब्यागेज स्क्रिनिङ्ग सेवा शुल्क बुझाउनु पर्नेछ ।

२२. **एरोनटिकल अपरेशन कन्ट्रोल कम्युनिकेशन (ए.ओ.सि.सि.) शुल्कः** प्राधिकरणद्वारा जडित एरोनटिकल अपरेशन कन्ट्रोल कम्युनिकेशन (AOCC) सेवा लिन चाहने वायुसेवा सञ्चालन संस्थाले अनुसूची–१९ मा उल्लेख भएबमोजिमको एरोनटिकल अपरेशन कन्ट्रोल कम्युनिकेशन शुल्क बुझाउनु पर्नेछ।

२३. **टर्मिनल उपकरणको साझा उपयोग तथा ब्यागेज रिकन्सिलेसन प्रणाली सेवा उपयोग शुल्कः** (१) प्राधिकरणले आफै वा अन्य सेवा प्रदायक संस्थामार्फत विमानस्थलमा कमन युजर टर्मिनल ईक्युपमेण्ट (CUTE) वा कमन युजर अफ प्यासेन्जर प्रोसेसिङ्ग सिस्टम (CUPPS) वा सोको परिमार्जित प्रणाली र ब्यागेज रिकन्सिलेसन प्रणाली (BRS) सेवा उपलब्ध गराउन सक्नेछ ।

(२) प्राधिकरणले कुनै सेवा प्रदायक संस्थामार्फत उपनियम (१) बमोजिमको सेवा लिँदा प्रतिस्पर्धात्मक विधिबाट अधिकतम आय अंश प्रस्ताव गर्ने र सारभूत रुपमा प्रभावग्राही सेवा प्रदायक संस्थाको छनौट गर्नु पर्नेछ।

(३) यो नियम प्रारम्भ हुनु अघि उपनियम (१) बमोजिम सेवा उपलब्ध गराउने गरी सम्झौता भएका सेवा प्रदायक संस्थालाई सम्झौताको अवधि बहाल रहेसम्म प्राधिकरणले त्यस्तो सेवाको निरन्तरता दिन सक्नेछ।

(४) उपनियम (१) बमोजिमको सेवा उपलब्ध गराएबापत प्राधिकरणले अनुसूची–२० मा उल्लेख भएबमोजिमको दरमा शुल्क लगाउनेछ।

(५) उपनियम (२) बमोजिम छनौट भएका सेवा प्रदायक संस्थाले अनुसूची–२० मा उल्लेख भएबमोजिमको शुल्क उठाई सम्झौताबमोजिमको आय अंश प्राधिकरणलाई बुझाउनु पर्नेछ।

(६) उपनियम (१) बमोजिमको सेवा उपलब्ध गराए बापत गरिने बिलिङ्ग, असुली, धरौटी, छुट तथा विलम्ब शुल्क नियम १०

को यात्रु सेवा सुविधा शुल्क सम्बन्धमा भएको व्यवस्थाबमोजिम हुनेछ ।

२४. **चलचित्र छायाङ्कन शुल्क:** कुनै व्यक्ति वा संस्थाले विमानस्थल कार्यालयबाट अनुमति लिई विमानस्थल क्षेत्र भित्र चलचित्र, भिडियो चलचित्र वा विज्ञापन आदि छायाङ्कन गरेवापत प्राधिकरणले त्यस्तो व्यक्ति वा संस्थालाई अनुसूची–२१ मा उल्लेख भएबमोजिमको चलचित्र छायाङ्कन शुल्क लगाउनेछ।

२५. **भवन तथा कोठा बहाल शुल्क:** (१) प्राधिकरणले विमानस्थल क्षेत्रभित्र वा बाहिर रहेको भवनमा वायुसेवा सञ्चालन संस्थालाई वायुसेवा सञ्चालनको लागि अत्यावश्यक स्थान वा कोठा उपलब्ध गराएवापत अनुसूची–२२ मा उल्लेख भएबमोजिमको भवन तथा कोठा बहाल शुल्क लगाउनेछ ।

(२) विमानस्थल कार्यालयले उपनियम (१) मा उल्लिखित प्रयोजनबाहेक विमानस्थल क्षेत्रभित्र वा बाहिर रहेको भवनमा खाली भएको वा खाली हुन आउने कोठा वा स्थान बहालमा दिँदा सोही सरहको कोठा वा स्थानका लागि तत्काल कायम रहेको बहाल रकमलाई न्यूनतम आय अनुमान कायम गरी परिच्छेद–३ बमोजिम बोलपत्र आव्हान गरी बढाबढको प्रकृया बमोजिम छनौट भएको व्यक्ति, फर्म वा कम्पनीलाई बहालमा दिनेछ।

(३) उपनियम (२) बमोजिम कोठा वा स्थान बहालमा दिइने सम्झौताको अवधि बढीमा पाँच वर्षको हुनेछ र पाँच वर्षपछि अनिवार्य रुपमा नयाँ ठेक्काबाट कोठा वा स्थान बहालमा दिनु पर्नेछ।

(४) उपनियम (२) मा उल्लेखित प्रक्रियाबाट दुई पटकसम्म बोलपत्र आव्हान गर्दा पनि बोलपत्र नपरेमा वा तोकिएको न्यूनतम आय अनुमानभन्दा कम आय प्रस्ताव गरी बोलपत्र पेश भएमा कार्यालयले बोलपत्रका शर्त तथा उपनियम (२) अनुसार कायम

गरिएको आय अनुमानमा पुनरावलोकनका लागि प्राधिकरण समक्ष प्रस्ताव पेश गर्नेछ ।

(५) उपनियम (४) बमोजिम पेश भएको प्रस्तावलाई प्राधिकरणले आवश्यकता र औचित्यताको आधारमा पुनरावलोकन गरी नयाँ आय अनुमान स्वीकृत गर्न सक्नेछ र तत्काल कायम रहेको बहाललाई आधारमानी न्यूनतम आय अनुमान गरिएकोमा नयाँ आय अनुमान गर्नु परेमा नियमावलीमा बहालदर निर्धारण भएको वर्षदेखिको उपभोक्ता मूल्य सूचकाङ्क बमोजिमको मुद्रास्फीति समायोजन गरी हुन आउने दरलाई आधार लिन सकिनेछ।

(६) विमानस्थल कार्यालयले उपनियम (५) बमोजिम स्वीकृत आय अनुमानमा पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम बोलपत्र आह्वान गर्दा पनि कुनै बोलपत्र नपरेमा बहाल दर पुनरावलोकन तथा छनौट प्रक्रिया परिमार्जन सम्बन्धमा प्राधिकरणको स्वीकृति लिई विमानस्थल कार्यालयले वार्ताका माध्यमबाट बहाल लगाउनेछ ।

(८) उपनियम (७) बमोजिम वार्ताद्वारा बहालमा लगाउने प्रयोजनका लागि विमानस्थल कार्यालयले सात दिनको सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचनामा बहाल लगाउने क्षेत्र र प्राधिकरणबाट निर्धारित न्यूनतम बहाल दर तथा शर्तहरू खुलाई विमानस्थल कार्यालय समक्ष प्रस्ताव सहितको निवेदन दिनु पर्ने व्यवस्था उल्लेख गर्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त भएका निवेदनमध्ये प्राधिकरणबाट निर्धारित बहाल रकम भन्दा सवै भन्दा बढी रकम कबुल गर्नेसँग क्रमशः विमानस्थल क्षेत्रभित्र वा बाहिरको भवन, कोठा वा स्थान वार्ता गरी बहालमा दिन सकिनेछ।

(१०) बहालमा दिने सम्बन्धमा भएको सम्झौतामा उल्लिखित बहाल रकममा प्रत्येक वर्ष नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ ।

(११) विमानस्थल कार्यालयले बहालमा लिने व्यक्ति, फर्म वा कम्पनीले सम्झौताको अवधिभित्र सम्झौताबमोजिमको दायित्व र कर्तव्य पालना नगरेमा सम्झौता अवधि बाँकी रहेता पनि त्यस्ता फर्म वा कम्पनीसँग भएको सम्झौता रद्द गरी व्यवसाय सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(१२) यस नियमावलीबमोजिम विमानस्थलको कुनै भवन तथा कोठा बहालमा लिने व्यक्तिले त्यस्तो सम्पतिको मर्मत तथा सम्भार गर्दा सम्झौतामा उल्लेख भए सोहीबमोजिम र उल्लेख नभएकोमा वा अस्पष्टता देखिएमा विमानस्थल कार्यालयको प्रमुखले तोकेको स्तरबमोजिम मर्मत सम्भार गर्नु पर्नेछ।

२६. **जग्गा बहाल शुल्कः** (१) प्राधिकरणको अनुमति लिई कुनै व्यक्ति वा संस्थाले विमानस्थल क्षेत्रभित्र वा बाहिरको जग्गा प्रयोग गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई प्राधिकरणले अनुसूची–२३ मा उल्लेख भएबमोजिमको जग्गा बहाल शुल्क लगाउनेछ।

(२) उपनियम (१) बमोजिमको शुल्क बुझाउने गरी बहालमा लिएको जग्गामा त्यस्तो बहालमा लिने व्यक्ति वा संस्थाले प्राधिकरणको स्वीकृति नलिई भौतिक संरचना निर्माण गर्नु हुदैन ।

(३) प्राधिकरणले विमानस्थल क्षेत्रभित्र वा बाहिर खाली रहेको जग्गामा व्यवसायी आफैंले निर्माण, सञ्चालन तथा हस्तान्तरण प्रारुपमा अस्थायी प्रकृतिको भवन वा सटर निर्माण गरी व्यवसाय सञ्चालन गर्ने गरी अनुसूची–२३ मा उल्लेख भएबमोजिमको न्यूनतम दररेटका आधारमा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा हुने गरी बढीमा दश वर्षका लागि भाडामा लगाउन सक्नेछ।

(४) उपनियम (३)बमोजिम निर्माण हुने संरचनाको डिजाइन प्राधिकरणले स्वीकृत गरेबमोजिम हुनेछ ।

(५) उपनियम (३) मा उल्लेख भएको भन्दा बढी अवधिको लागि विमानस्थल क्षेत्रभित्र वा बाहिर खाली रहेको जग्गा भाडामा दिने वा त्यस्तो जग्गामा व्यापारिक प्रयोजनको लागि स्थायी प्रकृतिको संरचनाको निर्माण, सञ्चालन र हस्तान्तरण गर्ने सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरण, पूर्वाधार संरचनाको निर्माण, विकास तथा सञ्चालन सम्वन्धी नियमावली, २०६६ बमोजिम हुनेछ ।

(६) उपनियम (३) अनुसार हुने सम्झौताको भाडा रकममा हरेक दुई वर्षमा दश प्रतिशतका दरले स्वतः वृद्धि हुनेछ ।

(७) गल्फ कोर्ष, विमानस्थलको लागि समेत ऊर्जा आपूर्ति गर्ने गरी सौर्य ऊर्जा जडान, एभिएसन म्यूजियम जस्ता प्राधिकरणको सहभागिता वा सहकार्य हुने गरी निर्माण तथा सञ्चालन हुने संरचनाहरूको लागि दिइने जग्गा बहाल सम्बन्धी सम्झौताको अवधि प्राधिकरणले निर्धारण गरेबमोजिम हुनेछ।

(८) प्राधिकरणले उपनियम (७) मा तोकिएको प्रयोजनको लागि कुनै सार्वजनिक निकायलाई जग्गा भाडामा दिनु परेमा प्रतिस्पर्धा गर्न नपर्ने गरी त्यस्तो निकायलाई स्वीकृति दिन सक्नेछ।

(९) प्राधिकरणको जग्गामा कसैले स्वीकृति नलिई वा स्वीकृत गरेको भन्दा फरक ढंगले कुनै भौतिक संरचना बनाउन लागेमा सम्बन्धित विमानस्थल कार्यालय प्रमुखले तत्काल उक्त कार्यमा रोक लगाउनु पर्नेछ।

(१०) कसैले प्राधिकरणको जग्गामा स्वीकृति नलिई भौतिक संरचना निर्माण गरेमा प्राधिकरणले त्यस्तो संरचना स्वतः आफ्नो स्वामित्वमा ल्याउनु पर्नेछ।

२७. **अन्य सेवा शुल्कः** (१) प्राधिकरणले विमानस्थल क्षेत्रभित्र विद्युत सेवा, टेलिफोन सेवा, मौसमी सेवा, अवलोकन भ्रमण सेवा वा प्रशिक्षणका

लागि विभिन्न कक्षहरू (Class Room, Meeting Room, Press Room) प्रयोगको सेवा उपलब्ध गराए वापत अनुसूची-२४ मा उल्लेख भएबमोजिमको विद्युत, टेलिफोन, मौसमी, अवलोकन भ्रमण, कक्षहरू प्रयोग वापतको शुल्क लगाउनेछ ।

(२) कुनै सेवा प्रदायक संस्थाले विमानस्थल क्षेत्रभित्र रहेका फर्म, संस्थासँग शुल्क लिई यस नियमावलीमा अन्यत्र व्यवस्था भए बाहेकका विमानस्थलमा उपयोग हुने अन्य सेवा प्रदान गरेमा दुई पक्ष बीच भएको सम्झौता रकमको पन्ध्र प्रतिशतले हुन आउने रकम रोयल्टी वापत प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

(३) प्राधिकरणले विमानस्थलमा हवाई यात्रु तथा मालसामानको सुरक्षा जाँचको सेवा उपलब्ध गराए वापत सम्बन्धित वायुयान सेवा सञ्चालन संस्थासँग अनुसूची-२४ मा उल्लेख भएबमोजिमको सुरक्षा जाँच शुल्क लगाउनेछ ।

(४) वायुसेवा सञ्चालन संस्थालाई एअर ग्राउण्ड डाटा लिङ्क सेवा उपलब्ध गराउने सेवा प्रदायक संस्थाले प्राधिकरणलाई अनुसूची–२४ मा उल्लेख भएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्नेछ।

(५) विमानस्थलमा Managed Wide Area Network (WAN) Service उपलब्ध गराउने संस्थाले प्राधिकरणलाई अनुसूची–२४ मा उल्लेख भएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्नेछ।

२८. **<u>लागत आपूरणको आधारमा सेवा शुल्क निर्धारण गर्ने:</u>** प्राधिकरणले यस परिच्छेदबमोजिमको सेवा उपलब्ध गराउँदा सो सेवाको लागत आपूरणको आधारबाट दररेट निर्धारण गरी सेवा सुविधा शुल्क लगाउनेछ ।

**<u>स्पष्टीकरण:</u>** यस नियमको प्रयोजनको लागि “लागत आपूरण” भन्नाले कुनै सेवा उपलब्ध गराउनको लागि भएका वा हुने प्रत्यक्ष खर्च र शिरोभार खर्चको जम्मा हुन आउने रकम प्रति ईकाई सेवा शुल्कको माध्यमबाट गरिने परिपूर्ति सम्झनु पर्छ । यस प्रयोजनको लागि

प्रशासनिक खर्च, सञ्चालन खर्च, ह्रास कट्टी तथा पूँजी वा ऋणको लागत र सामान्यतः पन्ध्र प्रतिशतसम्म दरको लगानी प्रतिफल समेत समावेश हुनेछ।

२९. <u>**शुल्क बुझाउनु पर्ने:**</u> (१) प्राधिकरणले उपलब्ध गराएको सेवा उपयोग गर्ने वायुसेवा सञ्चालन संस्था तथा अन्य व्यक्ति वा संस्थाहरूले यस नियमावलीबमोजिम लाग्ने सबै प्रकारका शुल्क तोकिएको अवधिभित्र बुझाउनु पर्नेछ।

(२) यस नियमावलीमा शुल्क बुझाउने म्याद तोकिएकोमा सोहीबमोजिम र नतोकिएकोमा प्राधिकरणले तोकिदिएको म्यादभित्र त्यस्तो शुल्क बुझाउनु पर्नेछ ।

(३) यस नियमावलीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि भवन तथा कोठा बहाल, जग्गा बहालको नियमानुसार हुने वार्षिक शुल्क, वायुयान आश्रय गृह (हैङ्गर) बहाल तथा विज्ञापन शुल्क लगायतका रकम र सम्झौताबमोजिम बुझाउनु पर्ने अन्य रकमसमेत अग्रिम रुपमा बुझाउनु पर्नेछ।

३०. <u>**विल जारी गर्ने र शुल्क भुक्तानी गर्ने सम्बन्धी व्यवस्था:**</u> (१) प्राधिकरणले वायुयान अवतरण, विसान, सञ्चार उड्डयन सहाय शुल्कवापतको विल अंग्रेजी महिनाको महिना भुक्तान भएपछिको पन्ध्र तारिखभित्र जारी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विल जारी गर्न आवश्यक पर्ने उडान आवागमन (Flight Movement) सम्बन्धी विवरण सम्बन्धित निकायले प्रमाणित गरी अंग्रेजी महिनाको पाँच तारिखभित्र प्राधिकरणको राजस्व शाखा वा विलिङ्ग इकाईमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम विल जारी गरेको जानकारी सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको इमेल ठेगानामा समेत पठाउनु पर्नेछ ।

(४) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जुलाई महिनाको विललाई नेपाली क्यालेण्डर अनुसार आषाढ महिनाको मसान्तसम्म हुन आउने दिन र बाँकी दिनको गरी दुई पटक जारी गर्न सकिनेछ। यसबमोजिमको पहिलो आधा महिनाको विल जुलाईको बीस तारिखभित्र जारी गर्नु पर्नेछ ।

३१. **छुट र विलम्ब शुल्क सम्बन्धी व्यवस्था:** (१) वायुसेवा सञ्चालन संस्थाले प्राधिकरणलाई बुझाउनु पर्ने शुल्क बिल जारी भएको अंग्रेजी महिनाको तीस तारिख भित्र बुझाउनु पर्नेछ ।

(२) नियम ३० को उपनियम (१) बमोजिम जारी भएको विल सोही महिनाको पच्चीस तारिखभित्र भुक्तानी गर्ने वायुसेवा सञ्चालन संस्थालाई अवतरण, विसान, सुरक्षा र सञ्चार तथा उड्डयन सहाय शुल्कमा मूल्य अभिवृद्धि कर बाहेकको रकममा दुई प्रतिशतका दरले छुट दिइनेछ ।

तर पुरानो बक्यौता रहेका वायुसेवा सञ्चालन संस्थाले यस्तो छुट सुविधा पाउने छैनन् र त्यस्तो छुट यो नियमावली लागू भएको मितिदेखि जारी हुने विलमा मात्र लागू हुनेछ ।

(३) उपनियम (१) मा तोकिएको म्यादभित्र शुल्क नबुझाएमा शुल्क बुझाउने म्याद भुक्तान भएको मितिले साठी दिनसम्म प्रतिदिन शून्य दशमलब शुन्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ र साठी दिनपछि विलम्व शुल्कसहितको बक्यौता रकममा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत थप गरी असूल गरिनेछ ।

(४) उपनियम (१) बमोजिम तिर्नु पर्ने शुल्क वा सम्झौताबमोजिम तिर्नुपर्ने शुल्क तोकिएको अवधिभित्र भुक्तानी नगर्ने व्यक्ति वा संस्थालाई उपनियम (३) बमोजिमको दरमा विलम्व शुल्क लाग्नेछ ।

(५) उपनियम (१) मा तोकिएको शुल्क बुझाउने म्याद भुक्तान भएको साठी दिनपछि प्राधिकरणले त्यस्तो बक्यौता रकम

सम्वन्धित संस्था, फर्म वा कम्पनीले राखेको धरौटी रकमबाट कटाई नियम ३३ बमोजिम कारबाही अघि बढाउन सक्नेछ ।

३२. **<u>शुल्क असुल गर्ने जिम्मेवारी:</u>** (१) यस नियमावलीबमोजिम शुल्क असूल उपर गर्ने गराउने जिम्मेवारी सम्बन्धित विमानस्थल कार्यालयको प्रमुखको हुनेछ र निजले शुल्क असुली तथा बक्यौता सम्बन्धमा प्रत्येक महिनाको सात गतेभित्र प्राधिकरणको प्रधान कार्यालयमा प्रतिवेदन पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम समयमै शुल्क असूल उपर नगर्ने एवम् प्रतिवेदन समयमै प्रधान कार्यालयमा नपठाउने र यस नियमावलीबमोजिम समयमा शुल्क नबुझाउने व्यक्ति वा संस्था उपर समयमै नियम ३३ बमोजिमको कारबाही प्रक्रिया शुरु नगर्ने विमानस्थल कार्यालय प्रमुख तथा जिम्मेवार कर्मचारीलाई नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ बमोजिम विभागीय कारवाही हुनेछ ।

३३. **<u>सेवामा रोक लगाउने तथा अन्य कारबाही:</u>** (१) यस नियमावलीमा तोकिएको समयभित्र बुझाउनु पर्ने शुल्क नबुझाउने वा पेश गर्नुपर्ने विवरण पेश नगर्ने वा विमानस्थल कार्यालयसँग भएको सम्झौताका शर्तहरू उल्लंघन गर्ने वायुसेवा सञ्चालन संस्था, व्यक्ति वा अन्य संस्थालाई विमानस्थल कार्यालयबाट जारी भएको अनुमतिपत्र, सम्झौतापत्र वा अन्य कुनै कारोबार गर्न दिएको अनुमति विमानस्थल प्रमुखले स्थगन गरी विमानस्थलमा रहेको निजको सम्पत्ति रोक्का राखी निजले यस नियमावलीबोजिम अनुमति प्राप्त गरी सञ्चालन गरेका काम कारबाही वा व्यवसायमा रोक लगाउन सक्नेछ ।

(२) विमानस्थल कार्यालय प्रमुखले उपनियम (१) बमोजिम काम कारबाही वा व्यवसायमा रोक लगाएको सूचना यथासिघ्र प्राधिकरणको प्रधान कार्यालयमा पठाउनु पर्नेछ ।

(३) कुनै व्यक्ति वा संस्थाले विल जारी भएको मितिले साठी दिनसम्म पनि यस नियमावलीबमोजिमको शुल्क नबुझाएमा विमानस्थल कार्यालय प्रमुखले त्यस्तो व्यक्ति वा संस्थालाई विमानस्थलमा व्यवसाय गर्न रोक लगाउने र वायुसेवा सञ्चालन संस्थाको हकमा उडानमा तत्काल रोक लगाउन सक्नेछ र त्यस्तो रोक लगाएको जानकारी प्राधिकरणको प्रधान कार्यालयलाई दिनु पर्नेछ।

(४) यस नियमावलीबमोजिम प्राधिकरणलाई बुझाउनु पर्ने शुल्क नबुझाएमा वा प्राधिकरणसँग भएको सम्झौताका शर्तहरू उल्लंघन गर्ने व्यक्ति, फर्म वा वायुसेवा सञ्चालन संस्थाका सञ्चालकलाई प्राधिकरणले हवाई सेवा, विमानस्थल तथा कार्यालयसँग सम्बद्ध कुनै किसिमको काम कारबाही तथा व्यापार व्यवसायमा तीन वर्षसम्म सहभागी हुन नपाउने गरी कालो सूचीमा राख्ने गरी कारबाही चलाउन सक्नेछ ।

(५) यस नियमावलीबमोजिम प्राधिकरणलाई बुझाउनु पर्ने रकम बक्यौता रहेका व्यक्ति वा संस्थालाई प्राधिकरणबाट जारी गरिने अनुमति उपलब्ध नगराउनुको साथै यसपूर्व दिएको अनुमति समेत नवीकरण गरिने छैन। यस प्रयोजनको लागि सम्वत् २०७६ साउन १ गते पछि जारी भएका विल वापतको रकम भुक्तानी बाँकी रहेकोमा बक्यौता रहेको मानिनेछ ।

(६) प्राधिकरणले यस नियमावलीबमोजिम प्राधिकरणलाई वुझाउनु पर्ने रकम बक्यौता रहेका व्यक्ति, फर्म वा वायुसेवा सञ्चालन संस्थाहरूलाई प्राधिकरणको प्रधान कार्यालय वा मातहत विमानस्थल कार्यालयहरूबाट हुने खरिद सम्बन्धी बोलपत्र तथा यस नियमावलीको परिच्छेद ३ बमोजिम हुने ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्रको प्रक्रियामा सहभागी हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

परिच्छेद - ३

## आय सङ्कलन गर्ने सम्बन्धी व्यवस्था

३४. **आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्ने:** प्राधिकरणले आफ्नो स्वामित्वमा रहेका जग्गा तथा अन्य भौतिक संरचना बहालमा दिंदा लिइने सेवा शुल्क, दस्तुर सङ्कलन लगायतका कार्यहरू ऐन, यस नियमावली र प्रचलित कानूनको अधीनमा रही ठेक्का बन्दोबस्तको माध्यमबाट सम्पादन गर्नु पर्नेछ।

३५. **आयको प्रक्षेपण गर्नु पर्ने:** प्राधिकरणले ठेक्का बन्दोबस्त गर्नु अघि ठेक्कासँग सम्बन्धित आय स्रोतको सम्भाव्यता, सम्भावित स्रोत परिचालन, स्रोत परिचालनको व्यवस्थापन लागत, ठेक्का अवधि, उपलब्ध भएमा विगत पाँच वर्षमा भएको वार्षिक आय र यात्रु तथा वायुयानको आवागमन समेतको आधारमा आयको प्रक्षेपण गरी न्यूनतम आय अनुमान र सङ्कलन कार्यतालिकासमेत भएको कार्यान्वयन कार्ययोजना र करारका सामान्य तथा विशेष शर्तहरू तयार गर्नुपर्नेछ।

तर विगत पाँच वर्षको आय उपलब्ध नभएका क्षेत्रमा उपलब्ध भएसम्मको आयको आधारमा प्रक्षेपण गर्न सकिनेछ ।

३६. **आय प्रक्षेपण स्वीकृत गर्ने अधिकारी:** नियम ३५ बमोजिम तयार भएको आय प्रक्षेपण सङ्कलन कार्यतालिका र कार्यान्वयन कार्ययोजना तथा करारका सामान्य तथा विशेष शर्तहरू सहितको बोलपत्र सम्वन्धी कागजात देहायबमोजिमको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः÷

(क) एक करोड रुपैयासम्म कम्तीमा छैठौं तहको कार्यालय प्रमुखबाट,

(ख) दुई करोड रुपैयासम्म कम्तीमा आठौ तहको कार्यालय प्रमुखबाट,

(ग) पाँच करोड रुपैयासम्म कम्तीमा  दशौं तहको कार्यालय प्रमुखबाट,

(घ) दश करोड रुपैयासम्म कम्तीमा बाह्रौ तहको कार्यालय प्रमुखबाट,

(ङ) दश करोड रुपैयाभन्दा माथि जतिसुकै रकमको महानिर्देशकबाट ।

३७. **<u>आय सङ्कलनको विधि छनौट गर्नुपर्ने:</u>** (१) प्राधिकरणले आय सङ्कलन सम्वन्धी ठेक्का बन्दोबस्त गर्दा देहायको विधि अपनाउनु पर्नेछः-

(क) सिलबन्दी प्रस्ताव लिई

(ख) खुला बोलपत्रको माध्यबाट

(१) एक चरण एक खाम (Single Stage One Envelope) विधि अनुसार

(२) एक चरण दुई खाम (Single Stage Two Envelope) विधि अनुसार प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी

३८. **<u>सिलबन्दी प्रस्ताव लिई आय सङ्कलन गर्ने:</u>** (१) प्राधिकरणले वार्षिक दश लाख रुपैयाँसम्म स्वीकृत आय अनुमान भएको आय सङ्कलनको लागि कम्तिमा तीन वटा सूचिकृत व्यक्ति, फर्म वा कम्पनीसँग सिलबन्दी प्रस्ताव लिई आय सङ्कलन गर्न सकिनेछ

(२) प्राधिकरणले उपनियम (१) बमोजिम सिलबन्दी प्रस्ताव लिइएका सूचिकृत व्यक्ति, फर्म वा कम्पनीको विवरण हरेक वर्ष अद्यावधिक गर्नु पर्नेछ ।

३९. **<u>खुला बोलपत्र आह्वान गरी आय सङ्कलन गर्ने:</u>** (१) प्राधिकरणले वार्षिक दश लाख रुपैयाँभन्दा माथि दश करोड रुपैयाँसम्मको आय अनुमान भएको आय सङ्कलनको लागि ठेक्का बन्दोबस्त गर्दा एक चरण एक खाम विधि अनुसार खुल्ला बोलपत्र आह्वान गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बोलपत्र आह्वान गर्दा वार्षिक दशलाख रुपैयाँभन्दा माथि बीस लाख रुपैयाँ सम्म आय अनुमान भएमा कम्तिमा पन्ध्र दिन, बीस लाख रुपैयाँ भन्दा बढी पचास लाख

रुपैयाँ सम्मको आय अनुमान भएमा कम्तिमा एक्काईस दिन र पचास लाख रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्मको आय अनुमान भएमा तीस दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना प्राधिकरणको वेभसाइटमा समेत राख्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचनामा देहायका कुराहरू खुलाउनु पर्नेछः

(क) आय ठेक्काका मुख्य मुख्य शर्तहरू,

(ख) ठेक्का अवधिको लागि प्रक्षेपण गरिएको आय रकम,

(ग) ठेक्काको अवधि,

(घ) ठेक्का सम्झौता बमोजिमको रकम बुझाउने किस्ता र समय तथा एकमुष्ट वा अग्रीम रुपमा बुझाउँदा छुट दिइने भए सो कुरा,

(ङ) बोलपत्र कागजात प्राप्त हुने स्थान (स्थान खुलाउँदा एक भन्दा बढी प्राधिकरणको कार्यालय वा स्थान समेतलाई समावेश गर्न सकिनेछ),

(च) बोलपत्र पठाउनु पर्ने तरिका,

(छ) बोलपत्र दाखिला गर्नुपर्ने कार्यालय

(ज) बोलपत्र वापत लाग्ने दस्तुर,

(झ) बोलपत्र दाखिला हुने अन्तिम मिति, समय र स्थान तथा बोलपत्र खोलिने मिति, समय र स्थान,

(ञ) जमानत (विडवण्ड) वापत राख्नु पर्ने नगद रकम वा बैङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि ।

(ट) अन्य आवश्यक शर्तहरू ।

(४) यस नियमबमोजिम बोलपत्रको माध्यमबाट आय सङ्कलनको लागि गरिने ठेक्का अवधि सामान्यतया पाँच बर्ष भन्दा बढी हुनेछैन।

४०. **प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी आय सङ्कलन गर्नेः** (१) प्राधिकरणले वार्षिक दश करोड रुपैयाँभन्दा माथि आय अनुमान भएको आय सङ्कलनको लागि ठेक्का बन्दोबस्त गर्दा एक चरण दुई खाम (Single Stage Two Envelope) विधि अनुसार प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्नु पर्नेछ।

(२) प्राधिकरणले उपनियम (१) बमोजिम ठेक्का बन्दोवस्त गर्नु अघि देहायका विवरणहरु खुलेको अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछः

(क) ठेक्का बन्दोबस्त सम्वन्धी कार्यको विवरण

(ख) ठेक्का बन्दोबस्त दिनु पर्ने आवश्यकता तथा आधारभूत अवधारणा,

(ग) प्राधिकरणबाट स्वीकृत नीति,

(घ) ठेक्का वन्दोवस्त दिने शीर्षक उपशीर्षकको बारेमा यस अघि कुनै अध्ययन भएको भए त्यसको विवरण,

(ङ) ठेक्का बन्दोबस्त दिने शीर्षक उपशीर्षकको प्रकृति,

(च) ठेक्का बन्दोबस्त दिने शीर्षक उपशीर्षकबाट चालु आम्दानी र सोको व्यवस्थाको लागि लाग्ने खर्च,

(छ) ठेक्का बन्दोबस्त गर्ने तरिका र औचित्यता,

(ज) ठेक्का वन्दोवस्तको प्राथमिकता र अवधि,

(झ) बोलपत्रदाताको योग्यता,

(ञ) बोलपत्र सम्वन्धी कागजातको नमूना तथा बोलपत्र मूल्याङ्कनका आधार,

(ट) ठेक्का बन्दोबस्त सम्बन्धी सम्झौताका मुख्य मुख्य शर्त,

(ठ) प्राधिकरणलाई हुने अपेक्षित लाभ ,

(ड) अन्य आवश्यक कुराहरु ।

(३) उपनियम (२) अनुसारको अध्ययन प्रतिवेदन कुनै निजी क्षेत्रबाट तयार भएको अवस्थामा प्राधिकरणले त्यस्तो प्रतिवेदन उपर अध्ययन विश्लेषण गरी आवश्यक परिमार्जन सहित स्वीकृत गर्न सक्नेछ।

(४) यस नियम बमोजिम हुने आय सङ्कलनको ठेक्का अवधि सामान्यतया दश वर्षभन्दा बढी हुनेछैन ।

४१. **कागजात तयार गर्नुपर्ने:** (१) प्राधिकरणले नियम ४० को उपनियम (२) बमोजिम तयार भएको अध्ययन प्रतिवेदनको आधारमा नियम ४० को उपनियम (१) बमोजिम ठेक्का बन्दोबस्त गर्नको लागि कार्यक्षेत्रगत शर्तहरूसहितको बोलपत्र सम्वन्धी कागजात तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तयार भएको कार्यक्षेत्रगत शर्तहरू सहितको बोलपत्र सम्बन्धी कागजात, मूल्याङ्कनका आधारहरू महानिर्देशकबाट स्वीकृत हुनेछ ।

(३) उपनियम (१) बमोजिम तयार गरिने कार्यक्षेत्रगत शर्तमा देहायका कुरा समावेश गर्नु पर्नेछः-

(क) ठेक्का सम्वन्धी गर्नुपर्ने कामको पृष्ठभूमि र उद्देश्य,

(ख) सेवा प्रदायकको कार्यक्षेत्र र निजले सम्पादन गर्नुपर्ने काम,

(ग) कामसँग सम्बन्धित अध्ययन तथा तथ्याङ्क उपलब्ध भए सोको विवरण,

(घ) प्राधिकरण कार्यालयले उपलब्ध गराउने भौतिक सुविधा, उपकरण र अन्य कुरा,

(ङ) सेवाको समयावधि,

(च) भुक्तानीका शर्त, कार्यतालिका, विलम्ब भुक्तानीमा लाग्ने जरिवाना,

(छ) आवश्यक जनशक्तिको संख्या र जनशक्ति परिचालन गर्ने तरिका,

(ज) प्रस्ताव मूल्याङ्कन गर्ने तरिका, मूल्यांकनका मुख्य आधारहरु र अङ्कभार सम्बन्धी विवरण,

(झ) अन्तर्राष्ट्रियस्तरको प्रस्ताव माग गर्ने भए सो सम्बन्धी आवश्यक शर्त,

(ञ) प्राधिकरणले आवश्यक ठानेका अन्य कुरा ।

४२. **सम्झौता गर्नु पर्नेः** (१) प्राधिकरणले नियम ३९ र ४० बमोजिम बोलपत्रको माध्यमबाट ठेक्का बन्दोबस्त गर्दा प्राप्त बोलपत्रको मूल्याङ्कनबाट छनौट भएको बोलपत्रदातासँग ठेक्का सम्झौता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिने ठेक्का सम्झौतामा प्रचलित कानूनबमोजिम उल्लेख गर्नुपर्ने बिषयका अतिरिक्त देहायका बिषयहरू समेत उल्लेख गर्नु पर्नेछः-

(क) ठेक्का बन्दोबस्तको विवरण,

(ख) सम्झौता कार्यान्वयनको कार्यतालिका,

(ग) उपभोक्तासँग लिन पाउने शुल्कसम्बन्धी व्यवस्था,

(घ) कार्यालयलाई बुझाउनु पर्ने शुल्क, भाडा, रोयल्टी

(ङ) सम्झौतामा नपरेका विषयहरूमा यस नियमावली र अन्य प्रचलित कानून बमोजिम हुने व्यहोरा,

(च) यो नियमावली तथा अन्य प्रचलित कानूनको प्रतिकूलका शर्त समावेश हुन गएमा अमान्य हुने व्यहोरा,

(छ) यो नियमावलीमा संशोधन भएमा संशोधित प्रावधान लागू हुने सम्बन्धी व्यहोरा,

(ज) अन्य आवश्यक कुराहरू ।

४३. **जमानत राख्नु पर्नेः** (१) नियम ३९ र ४० बमोजिम बोलपत्रको माध्यमबाट गरिने ठेक्का बन्दोवस्तमा बोलपत्र जमानत वापत स्वीकृत आय अनुमानको पाँच प्रतिशतले हुने रकम र कार्यसम्पादन जमानत वापत कबोल अङ्कको पच्चीस प्रतिशतले हुन आउने रकम जमानत राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राखिने जमानत वापतको रकम नगदै वा वैक तथा वित्तीय संस्था सम्बन्धी ऐनबमोजिमको वाणिज्य वैंकले जारी गरेको वैंक ग्यारेण्टि पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश हुने वैंक ग्यारेण्टीको मान्य अवधि प्राधिकरणले तोकेबमोजिम हुनेछ।

४४. **ठेक्का रकमको किस्ता बुझाउने तरिका:** (१) प्राधिकरणले यस नियमावलीबमोजिम आय सङ्कलनको लागि ठेक्का बन्दोबस्त गर्दा अग्रिम भुक्तानी लिनुपर्ने किस्ताको अङ्क निर्धारण सम्बन्धी व्यवस्था बोलपत्र सम्वन्धी कागजातमा उल्लिखित असूली कार्यतालिका र अन्य शर्तबमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम असूली कार्यतालिका बनाउँदा शुल्क, दस्तुर वा भाडा उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको

समय मिलान भएको हुनु पर्नेछ र त्यस्ता किस्ताहरू बीचको समयान्तर चार महिनाभन्दा बढी हुने छैन ।

(३) बोलपत्रदाताले सम्झौताको समयमा कूल ठेक्का रकमलाई वार्षिक किस्ता कायम गरी प्रत्येक वर्षको एकमुष्ट अग्रिम भुक्तानी गर्न मन्जुर गरेमा त्यस्तो अग्रीम भुक्तानी रकममा पाँच प्रतिशत सम्म छुट दिइनेछ।

(४) उपनियम (३) बमोजिम दिइने छुटको प्रतिशत बोलपत्र सम्बन्धी कागजात वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

४५. **<u>बक्यौता रकम असुली सम्बन्धी व्यवस्था:</u>** (१) प्राधिकरणले विभिन्न कारणबाट असुल हुन नसकी बाँकी रहेको बक्यौता रकम असुल उपर गर्न बक्यौता असूली कार्ययोजना बनाउनु पर्नेछ र त्यस्तो कार्ययोजनाको आधारमा बक्यौता रकम असुल उपर गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बक्यौता असूल उपर गर्ने क्रममा प्राधिकरणले स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोगको लागि अनुरोध गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सहयोगको लागि प्राधिकरणले अनुरोध गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(४) उपनियम (३) बमोजिम विभिन्न निकाय वा व्यक्तिबाट सहयोग प्राप्त भई बक्यौता रकम असुली हुन आएमा सम्बन्धित व्यक्ति वा संस्थालाई प्राधिकरणले असुली अङ्कको पाँच प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ। एक भन्दा बढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए त्यस्तो पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ ।

(५) यस नियमबमोजिमको प्रक्रियाबाट पनि रकम असुल उपर हुन नसकेमा प्राधिकरणले प्रचलित कानूनबमोजिम सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ ।

४६. **प्रचलित कानूनबमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने:** (१) प्राधिकरणले यस परिच्छेदबमोजिम आय सङ्कलन गर्दा यो नियमावलीमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनबमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

## परिच्छेद–४

## विविध

४७. **धरौटी रकम जम्मा गर्नु पर्ने:** (१) कुनै वायुसेवा सञ्चालन संस्थाले उडान सञ्चालन गर्नु अघि त्यस्तो संस्थाको स्वीकृत उडान तालिका बमोजिम अवतरण, विसान, सञ्चार तथा उड्डयन सहाय र सुरक्षा शुल्कवापत एक महिनाको अनुमानित शुल्क वापत हुन आउने रकम अग्रिम धरौटीको रुपमा नगद वा बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको धरौटी रकम वापत पेश गरिने बैंक ग्यारेण्टीको मान्य अविध कम्तीमा एक वर्षको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको धरौटी रकम स्वीकृत उडान तालिकाको आधारमा प्राधिकरणले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) यस नियमावली प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका वायुसेवा सञ्चालन संस्थाले यस नियमावली लागू भएको मितिले साठी दिनभित्र उपनियम (१) बमोजिमको धरौटी रकम जम्मा गर्नु पर्नेछ।

(५) कुनै वायुसेवा सञ्चालन संस्थाले कार्यालयलाई बुझाउन बाँकी रहेको वक्यौता रकम उपनियम (१) बमोजिम जम्मा गरेको धरौटी रकमबाट कट्टा गरिनेछ।

<u>स्पष्टीकरण:</u> यस उपनियमको प्रयोजनको लागि “बक्यौता रहेको रकम” भन्नाले भुक्तानी गर्नुपर्ने म्याद पूरा भएको मितिले साठी दिनको अवधि पूरा भएको आसामी बाँकी रकम सम्झनु पर्छ।

(६) कुनै वायुसेवा सञ्चालन संस्थाको उडान सेवा बन्द हुने भएमा त्यस्तो संस्थाले उडान सेवा बन्द हुनु भन्दा कम्तीमा तीस दिन अगावै कार्यालयलाई लिखित जानकारी गराउनु पर्नेछ ।

(७) कुनै वायुसेवा सञ्चालन संस्थाले सञ्चालन गर्दै आएको उडान सेवा कुनै कारणबस बन्द भई त्यस्तो संस्थाबाट कार्यालयले लिनु पर्ने रकम बाँकी रहेमा सम्वन्धित वायुसेवा सञ्चालन संस्थाले उपनियम (१) बमोजिम राखेको धरौटीबाट कट्टा गरी बाँकी रकम सम्बन्धित संस्थालाई फिर्ता दिनेछ ।

४८. **<u>छुट वा मिन्हा दिन सक्ने:</u>** (१) प्राधिकरणले मन्त्रालयको सहमति लिई देहायका शुल्कहरूमा देहायबमोजिमको छुट दिन सक्नेछ:-

(क) काठमाडौं उपत्यका बाहिरका विमानस्थलहरूमा वायुसेवा सञ्चालन आधार, वायुयान मर्मत सम्भार संस्था तथा उड्डयन तालिम संस्था स्थापनालाई प्रोत्साहन गर्न हैङ्गर निर्माण तथा मर्मत सम्भार संरचना स्थापनाका लागि जग्गा बहालमा दिंदा सञ्चालक समितिले आवश्यक मापदण्ड स्वीकृत गरी अनुसूची–२३ मा उल्लेख भएको शुल्कमा अधिकतम पाँच वर्षका लागि प्राधिकरणले तोकेबमोजिमको छुट,

(ख) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहिरका विमानस्थललाई सञ्चालन आधार बनाई पर्वतीय उडान (माउन्टेन फ्लाइट) वा तेन्जिङ्ग हिलारी (लुक्ला) विमानस्थलमा उडान भर्ने वायुसेवाले आधार विमानस्थललाई बुझाउनु पर्ने अवतरण,

विसान र सञ्चार उड्डयन तथा सहाय र सुरक्षा शुल्कमा आंशिक छुट,

(ग) काठमाडौं उपत्यका बाहिर निर्माण भई सञ्चालनमा आउने अन्तर्राष्ट्रिय विमानस्थलमा यस नियमावलीबमोजिम लाग्ने शुल्कमा अवधि तथा शर्तहरू तोकी आवश्यक छुट,

(घ) एक प्रदेशको राजधानीबाट अर्को प्रदेशको राजधानीमा सिधा उडान गर्ने वायुयानको अवतरण तथा विसान सेवा शुल्कमा निर्धारित अवधिको लागि लाग्ने शुल्कमा छुट,

(ङ) कुटनैतिक सेवाको, खोजतलास तथा विपद व्यवस्थापन कार्यमा संलग्न भएको वायुयान एवं विमानस्थलको सरकारी तथा सुरक्षा सेवा सम्बद्ध सवारी साधनमा यस नियमावलीबमोजिम लाग्ने शुल्कमा आवश्यक छुट,

(च) नागरिक उड्डयन प्रवर्द्धनसँग सम्बन्धित क्रियाकलापमा प्राधिकरणसँग सहकार्य गर्ने व्यक्ति वा संस्थालाई जग्गा भाडामा दिँदा अवधि तथा शर्तहरू तोकी यस नियमावलीबमोजिम लाग्ने शुल्कमा पचास प्रतिशतसम्म छुट,

(छ) गल्फ क्लव, विद्युतीय सवारी साधनको ब्याट्रि चार्ज स्टेशन, सौर्य ऊर्जा उत्पादन जस्ता विमानस्थल सौन्दर्यीकरण वा वातावरण मैत्री संरचनाको निर्माणको लागि उपलब्ध जग्गा भाडामा लगाउँदा यस नियमावलीबमोजिम लाग्ने शुल्कमा आवश्यक छुट,

(ज) प्राधिकरणले आवश्यक ठानेका अन्य छुट।

(२) कुनै व्यक्ति वा संस्थाले यो नियमावली लागू हुनु अघि प्राधिकरणलाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम यस नियमावली लागू भएको मितिले तीन महिनाभित्र भुक्तानी गरेमा एक पटकको लागि बक्यौता रकमको अवधि हेरी प्राधिकरणले जरिवाना रकममा शत प्रतिशतसम्म छुट दिन सक्नेछ।

(३) कुनै व्यक्ति वा संस्थाले प्राधिकरणलाई भुक्तानी गरेको रकम नियमानुसार लाग्ने शुल्कभन्दा बढी भएकोमा वा दोहोरो भुक्तानी हुन गई नन्अपरेटिभ खातामा जम्मा हुन आएकोमा त्यस्तो रकम भुक्तानी गर्ने व्यक्ति वा संस्थाले पुष्ट्याई हुने कागजातसहित निवेदन दिएमा प्राधिकरणले हिसाब मिलान वा रकम फिर्ता गर्न सक्नेछ।

(४) प्राधिकरणको प्रधान कार्यालय वा अन्तर्गतका कार्यालयहरूमा रहेका कर्मचारीको सुविधाका लागि सञ्चालित चमेनागृहको बहाल रकममा समितिको स्वीकृति लिई महानिर्देशकले आवश्यक छुट दिन सक्नेछ।

४९. **<u>परिवर्त्य विदेशी मुद्राको दरलाई आधार मानिने:</u>** (१) यस नियमावलीबमोजिम कुनै सेवा उपभोगकर्ता व्यक्ति वा संस्थाले प्राधिकरणलाई तिर्नु बुझाउनु पर्ने शुल्क नेपाली मुद्रामा भुक्तानी गर्दा सेवा उपभोग गरेको दिनको नेपाल राष्ट्र बैंकद्वारा निर्धारित अमेरिकी डलरको बिक्री विनिमय दरलाई आधार मानिनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मासिक रुपमा एकै पटक शुल्क बुझाउने गरी सहुलियत प्राप्त वायुयान सञ्चालन संस्थाको हकमा भने बिजक जारी गर्ने दिनको लागि नेपाल राष्ट्र बैंकले निर्धारण गरेको अमेरिकी डलरको बिक्री विनिमय दरलाई आधार मानिनेछ ।

५०. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस नियमावलीमा उल्लेख भएको व्यवस्थाका हकमा यसै नियमावलीबमोजिम र अन्य विषयको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।

५१. **अनुगमन सम्बन्धी व्यवस्था:** (१) यस नियमावलीबमोजिम भए गरेका ठेक्का सम्झौतामा उल्लिखित शर्तहरूको पालन भए नभएको तथा निर्धारित अवधिभित्र प्राधिकरणले लगाएका शुल्क असुल उपर भए नभएको सम्बन्धमा कार्यालयले त्रैमासिक रुपले अनुगमन गरी महानिर्देशक समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) यस नियमावली बमोजिम भए गरेका ठेक्का सम्झौताबमोजिमका काम कारबाहीहरूको प्रभावकारी कार्यान्वयन भए नभएको र यस नियमावली बमोजिम लगाइएका शुल्क असूल उपर गरे नगरेको सम्बन्धमा महानिर्देशकले समय समयमा अनुगमन गर्नु पर्नेछ।

५२. **अनुसूचीमा हेरफेर वा संशोधन:** नेपाल सरकारले यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा संशोधन गर्न सक्नेछ।

५३. **खारेजी र बचाउः** (१) नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०६७ खारेज गरिएको छ ।

(२) नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०६७ बमोजिम भए गरेका काम कारबाही यसै नियमावलीबमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची - १

(नियम ३ को उपनियम (१), (२), (३) र (४) सँग सम्बन्धित)

## अवतरण (ल्याण्डिङ्ग) सेवा शुल्क

१. अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानमा

| क्र.सं. | वायुयानको तौल | शुल्क (अमेरिकी डलरमा) |
|---|---|---|
| (१) | दशहजार किलोग्रामसम्म | बाह्र डलर पचास सेन्ट |
| (२) | दशहजार किलोग्राम भन्दा बढी पच्चीस हजार किलोग्रामसम्म | पहिलो दशहजार किलोग्राम सम्मको लागि बाह्र डलर पचास सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुई डलर पचास सेन्टका दरले । |
| (३) | पच्चीस हजार किलोग्राम भन्दा बढी पचास हजार किलोग्रामसम्म | पहिलो पच्चीस हजार किलोग्राम सम्मको लागि पचास डलर र त्यसपछिको प्रत्येक हजार किलोग्रामको तीन डलर पचहत्तर सेन्टका दरले। |
| (४) | पचास हजार किलोग्रामभन्दा बढी पचहत्तर हजार किलोग्रामसम्म | पहिलो पचास हजार किलोग्रामको एक सय त्रिचालिस डलर पचहत्तर सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको छ डलरका दरले। |
| (५) | पचहत्तर हजार किलोग्राम भन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो पचहत्तर हजार किलोग्रामको दुई सय त्रियानव्बे डलर पचहत्तर सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सात डलर पैतिस सेन्टका दरले। |
| (६) | एक लाख किलोग्राम भन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको चार सय सतहत्तर डलर पचास सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको आठ डलर पचपन्न सेन्टका दरले । |

## २. आन्तरिक उडानमा

(क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा विमानस्थलमा

| क्र.सं. | वायुयानको तौल | शुल्क (अमेरिकी डलरमा) |
|---|---|---|
| (१) | दशहजार किलोग्रामसम्मको | पाँच सय पचास रुपैयाँ । |
| (२) | दश हजार भन्दा बढी पच्चीस हजार किलोग्रामसम्म | पहिलो दश हजार किलोग्राम सम्मको लागि पाँच सय पचास रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक सय दस रुपैयाँका दरले । |
| (३) | पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्रामसम्म | पहिलो पच्चीस हजार किलोग्राम सम्मको लागि दुई हजार दुई सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक सय पैसठ्ठी रुपैयाँका दरले । |
| (४) | पचास हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो पचास हजार किलोग्राम सम्मको लागि छ हजार तीनसय पच्चीस रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको दुई सय बीस रुपैयाँका दरले । |

(ख) चन्द्रगढी, विराटनगर, राजविराज, जनकपुर, सिमरा, भरतपुर, नेपालगञ्ज, सुर्खेत र धनगढी विमानस्थलमा

| | | |
|---|---|---|
| (१) | दश हजार किलोग्रामसम्म | चार सय रुपैयाँ । |
| (२) | दश हजार किलोग्राम भन्दा बढी बीस हजार किलोग्राम सम्म | पहिलो दश हजार किलोग्राम सम्मको लागि चार सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको असी रुपैयाँका दरले । |
| (३) | बीस हजार किलोग्रामभन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्राम सम्मको लागि एक हजार दुई सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको लागि एक सय बीस रुपैयाँका दरले । |

(ग) तेन्जिङ्ग हिलारी (लुक्ला), जोमसोम, तुम्लिङ्गटार, फाप्लु, रामेछाप, सिमिकोट, जुम्ला र रारा विमानस्थलमा

| | | |
|---|---|---|
| (१) | दश हजार किलोग्रामसम्मको | तीन सय रुपैयाँ । |
| (२) | दश हजार किलोग्राम भन्दा बढी बीस हजार किलोग्राम सम्म | पहिलो दश हजार किलोग्राम सम्मको लागि तीन सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको साठी रुपैयाँका दरले । |
| (३) | वीस हजार किलोग्राम भन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्राम सम्मको लागि नौ सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको लागि नब्बे रुपैयाँका दरले । |

(घ) ताप्लेजुङ, थामखर्क, भोजपुर, लामिडाँडा, रुम्जाटार, खानीडाँडा, दाङ, मनाङ्ग, बाजुरा, डोल्पा (जुफाल), डोल्पा (मसिनेचौर), डोटी, बैतडी, रुकुम (सल्ले), रुकुम (चौरजहारी), बझाङ्ग, र साँफेवगर विमानस्थलमा

| | | |
|---|---|---|
| (१) | दश हजार किलोग्रामसम्म | दुई सय पचास रुपैयाँ । |
| (२) | दश हजार किलोग्राम भन्दा बढी बीस हजार किलोग्राम सम्म | पहिलो दश हजार किलोग्राम सम्मको लागि दुई सय पचास रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचास रुपैयाँका दरले । |
| (३) | बीस हजार किलोग्राम भन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्राम सम्मको लागि सात सय पचास रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचहत्तर रुपैयाँका दरले। |

(ङ) अन्य विमानस्थलमा

| | | |
|---|---|---|
| (१) | दश हजार किलोग्रामसम्म | दुई सय रुपैयाँ । |
| (२) | दश हजार किलोग्राम भन्दा बढी बीस हजार किलोग्राम सम्म | पहिलो दश हजार किलोग्राम सम्मको लागि दुई सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चालीस रुपैयाँका दरले । |
| (३) | बीस हजार किलोग्राम भन्दा बढी जतिसुकै तौलको लागि | पहिलो बीस हजार किलोग्राम सम्मको लागि छ सय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको साठी रुपैयाँका दरले । |

द्रष्टव्य:

१. वायुयानको तौलमा आधारित सेवा शुल्क निर्धारणका लागि वायुयानको उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयर वर्दिनेश) मा उडान गर्न अनुमति प्राप्त अधिकतम तौल (म्याक्सिमम् पर्मिसिवल टेक अफ वेट) लाई आधार मानिनेछ।

२. कुनै वायुयानको सम्बन्धमा कुनै विमानस्थलमा प्राधिकरणले तौलको हद निर्धारण भएको रहेछ भने त्यस्तो वायुयानको सम्बन्धमा सोही बमोजिमको तौल कायम गरी शुल्क निर्धारण गरिनेछ।

३. वायुयानको तौल कायम गर्दा प्रति एकहजार किलोग्राम पछि चानचुन किलोग्राम कायम भएमा त्यस्तो चानचुन किलोग्रामलाई पनि शुल्कको प्रयोजनको लागि एकहजार किलोग्राम मानिनेछ।

४. नेपाली रुपैयाँमा तिर्न पाउने वायुसेवाले अमेरिकी डलरमा उल्लिखित दस्तुर सो उडान भएको दिनको लागि नेपाल राष्ट्र बैंकबाट प्रकाशित मुद्राको बिक्री विनिमय दर अनुसार नेपाली रुपैयाँमा बुझाउन सकिनेछ । तर चार्टर्ड फ्लाईट लगायत अग्रिम भुक्तानी गर्नु पर्ने

वायुसेवाको हकमा विल जारी भएको दिनको बिक्री विनिमय दर लागु हुनेछ ।

५. कुनै आन्तरिक विमानस्थल अन्तर्राष्ट्रिय विमानस्थलमा परिणत भएमा खण्ड २. सरहको अवतरण शुल्क कायम हुनेछ ।

# अनुसूची - २

(नियम ४ को उपनियम (१) र (२)  सँग सम्बन्धित

## गृह आश्रय (हाउजिङ्ग) सेवा शुल्क

१. अन्तर्राष्ट्रिय विमानस्थलमा

| क्र.सं. | वायुयानको तौल | दस्तुर (अमेरिकी डलरमा) |
|---|---|---|
| (१) | दश हजार किलोग्राम सम्मको लागि | बाईस डलर पचास सेन्ट |
| (२) | दश हजार किलोग्राम भन्दा बढी पचास हजार किलोग्राम सम्मको लागि | पहिलो दश हजार किलोग्राम सम्मको लागि बाईस डलर पचास सेन्ट र त्यसपछि प्रत्येक हजार किलोग्रामको दुई डलर पच्चीस सेन्टका दरले |
| (३) | पचास हजार किलोग्राम भन्दा बढी एक लाख  किलोग्राम सम्मको लागि | पहिलो पचास हजार किलोग्राम सम्मको लागि एक सय बाह्र डलर पचास सेन्ट र त्यसपछि प्रत्येक हजार किलोग्रामको तीन डलर चालिस सेन्टका दरले |
| (४) | एक लाख  किलोग्राम भन्दा बढी तौलका लागि | पहिलो एक लाख किलोग्राम सम्मको लागि दुई सय बयासी डलर पचास सेन्ट र त्यसपछि प्रत्येक हजार किलोग्रामको चार डलर पैतालिस सेन्टका दरले । |

२. आन्तरिक उडानका विमानस्थलमा

| क्र.सं. | वायुयानको तौल | दस्तुर |
|---|---|---|
| (१) | पहिलो दश हजार किलोग्राम सम्मको लागि | एक हजार पाँच सय रुपैयाँ । |
| (२) | दश हजार किलोग्राम भन्दा बढी चालिस हजार किलोग्राम सम्मको लागि | पहिलो दश हजार किलोग्राम सम्मको एक हजार पाँच सय रुपैया र त्यसपछिको प्रत्येक हजार किलोग्रामको लागि एक सय पचास रुपैयाँका दरले। |

| | | |
|---|---|---|
| (३) | चालिस हजार किलोग्राम भन्दा बढी एक लाख किलोग्राम सम्मको लागि | पहिलो चालीस हजार किलोग्रामको छ हजार रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको लागि दुई सय सोह्र रुपैयाँका दरले । |
| (४) | एक लाख किलोग्राम भन्दा बढी तौलका लागि | पहिलो एकलाख किलोग्रामको अठार हजार नौ सय साठी रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको लागि दुई सय सन्तानव्बे रुपैयाँका दरले । |

द्रष्टव्यः

१. वायुयानको तौल हिसाब गर्दा अनुसूची १ को द्रष्टव्यको आधारमा गरिनेछ ।

२. अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडानको वायुयानबाट खण्ड १. मा उल्लिखित रकम बराबर नेपाली रुपैयाँमा लिइनेछ।

## अनुसूची - ३

(नियम ५ को उपनियम (६) सँग सम्बन्धित)

## भूमिस्थ प्रबन्ध सेवा (ग्राउण्ड ह्याण्डलिङ्ग) शुल्क

१. भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालनका लागि आवेदन शुल्क

| क्र.सं. | सेवा | शुल्क |
|---|---|---|
| (१) | सेल्फ ह्याण्डलिङ्गका लागि | रु. ५,०००/- |
| (२) | कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गका लागि | रु. १०,०००/- |

२. भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र शुल्क

| क्र.सं. | सेवा | शुल्क |
|---|---|---|
| (१) | सेल्फ ह्याण्डलिङ्गका लागि | रु. २,००,०००/- |
| (२) | कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गका लागि | रु. ५,००,०००/- |

३. भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्ने अनुमति तथा प्रमाणपत्र नवीकरण शुल्क

| क्र.सं. | सेवा | शुल्क |
|---|---|---|
| (१) | सेल्फ ह्याण्डलिङ्गका लागि | रु. १,००,०००/- |
| (२) | कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गका लागि | रु. २,५०,०००/- |

४. भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्ने अनुमति तथा प्रमाणपत्र प्राप्त गर्न राख्नुपर्ने धरौटी

| क्र.सं. | सेवा | शुल्क |
|---|---|---|
| (१) | सेल्फ ह्याण्डलिङ्गका लागि | रु. १०,००,०००/- |
| (२) | कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गका लागि | रु. २५,००,०००/- |

५. कमर्शियल भुमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गरेवापत अनुमति तथा प्रमाण–पत्र प्राप्त संस्थाले त्यस्तो भूमिस्थ प्रबन्ध

सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) वापत आर्जन गरेको कूल आय (Gross Revenue) को न्यूनतम पन्ध्र प्रतिशत रकम प्राधिकरणलाई बुझाउनु पर्नेछ।

६. कुनै वायुसेवा सञ्चालन संस्थाले आफै ग्राउण्ड ह्याण्डलिङ्ग सेवा सञ्चालन गरेमा अन्तराष्ट्रिय उडान तथा अवतरण दुवै तर्फ प्रति यात्रु एक अमेरिकी डलरका दरले हुन आउने रकम प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

७. उद्धार उडान, अस्पताल उडान, साना अन्तर्राष्ट्रिय चार्टर उडान वा यस्तै प्रकृतिका न्यूनतम उपकरण मात्र प्रयोग गरे पुग्ने किसिमका वायुयानले ग्राउण्ड ह्याण्डलिङ्ग एण्ड सुपरभिजन वापत सम्बन्धित नागरिक उड्डयन कार्यालयलाई अमेरिकी डलर तीनसय बुझाउनु पर्नेछ।

८. करारमा कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग गर्न दिंदा करार गर्नेले लिने शुल्क प्राधिकरणबाट स्वीकृत गराई मात्र लिनु पर्नेछ ।

# अनुसूची - ४

(नियम ६ को उपनियम (१) र (६) सँग सम्बन्धित

## विसान (पार्किङ्ग) सेवा शुल्क

१. अन्तर्राष्ट्रिय उडानका विमानस्थलमा

| क्र.सं. | वायुयानको तौल | दस्तुर (अमेरिकी डलरमा) |
|---|---|---|
| (१) | पचास हजार किलोग्रामसम्म | प्रति हजार किलोग्रामको एक डलरका दरले । |
| (२) | पचास हजार किलोग्राम भन्दा बढी एक लाख किलोग्रामसम्म | पहिलो पचास हजार किलोग्रामको लागि पचास डलर र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक डलर पाँच सेन्टका दरले । |
| (३) | एक लाख किलोग्राम भन्दा बढी तौलको लागि | पहिलो एक लाख किलोग्रामको एक सय वाईस डलर पच्चीस सेन्ट र त्यसपछिको प्रत्येक हजार किलोग्रामको एक डलर पन्चानब्बे सेन्टका दरले । |

२. आन्तरिक उडानका विमानस्थलमा

| क्र.सं. | वायुयानको तौल | दस्तुर |
|---|---|---|
| (१) | पहिलो दश हजार किलोग्राम सम्मको लागि | तीन सय पचहत्तर रुपैयाँ |
| (२) | दश हजार किलोग्राम भन्दाबढी चालीस हजार किलोग्राम सम्मको लागि | पहिलो दश हजार किलोग्राम सम्मको तीनसय पचहत्तर रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको सैतीस रुपैयाँ पचास पैसाका दरले |

| | | |
|---|---|---|
| (३) | चालीस हजार किलोग्राम भन्दा बढी एकलाख किलोग्राम सम्मको लागि | पहिलो चालीस हजार किलोग्रामको लागि एक हजार पाँचसय रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको चौवन्न रुपैयाँका दरले । |
| (४) | एकलाख किलोग्राम भन्दा बढी तौलका लागि | पहिलो एकलाख किलोग्राम सम्मको लागि चार हजार सातसय चालीस रुपैयाँ र त्यसपछिको प्रत्येक हजार किलोग्रामको पचहत्तर रुपैयाँका दरले। |

<u>द्रष्टव्य:</u>

१. वायुयानको तौल हिसाब गर्दा अनुसूची–१ को द्रष्टव्यको आधारमा गरिनेछ ।

२. अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडानको वायुयानबाट खण्ड १. मा उल्लेखित रकम बराबर नेपाली रुपैयाँमा लिइनेछ ।

# अनुसूची - ५

(नियम ८ को उपनियम (१) र (२) सँग सम्बन्धित)

## सञ्चार तथा उड्डयन सहाय सेवा शुल्क

१. अन्तर्राष्ट्रिय विमानस्थलमा

| क्र.सं. | वायुयानको तौल | दस्तुर (अमेरिकी डलरमा) |
|---|---|---|
| (१) | पच्चीस हजार किलोग्रामसम्म | पैतालीस डलर नब्बे सेन्ट |
| (२) | पच्चीस हजार किलोग्रामभन्दा बढी पचास हजार किलोग्रामसम्म | छयहत्तर डलर पचास सेन्ट |
| (३) | पचास हजार किलोग्रामभन्दा बढी पचहत्तर हजार किलोग्रामसम्म | एक सय बाउन्न डलर पचहत्तर सेन्ट |
| (४) | पचहत्तर हजार किलोग्राम भन्दा बढी तौलको लागि | तीन सय पाँच डलर पचास सेन्ट |

२. आन्तरिक विमानस्थलमा

(१) अन्तर्राष्ट्रिय विमानस्थलमा अनुसूची-१ मा तोकिएको अवतरण शुल्कको पचास प्रतिशतले,

(२) कन्ट्रोल जोन भएका विमानस्थलमा अनुसूची-१ मा तोकिएको अवतरण शुल्कको पैतीस प्रतिशतले,

(३) उपखण्ड (१) र (२) बाहेकका विमानस्थलमा अनुसूची-१ मा तोकिएको अवतरण शुल्कको बीस प्रतिशतले ।

<u>द्रष्टव्यः</u>

१. वायुयानको तौल हिसाब गर्दा अनुसूची-१ को द्रष्टव्यको आधारमा गरिनेछ ।

२. कुनै आन्तरिक विमानस्थल अन्तर्राष्ट्रिय विमानस्थलमा परिणत भएमा खण्ड १. को उपखण्ड (१) सरहको दस्तुर कायम हुनेछ।

# अनुसूची -६

(नियम ८ को उपनियम (३) सँग सम्बन्धित)

## सञ्चार तथा उड्डयन सहाय सेवा (ओभरफ्लाई) शुल्क

१. अन्तर्राष्ट्रिय उडानतर्फ ओभरफ्लाई सेवा उपलब्ध गराए वापत अनुसूची ५ को खण्ड १. मा उल्लिखित दरले उडान दस्तुर लाग्नेछ ।

२. एउटा हेलिप्याडबाट अर्को हेलिप्याडसम्म उडान गर्ने हेलिकप्टरलाई सञ्चार तथा उड्डयन सहाय सेवा उपलब्ध गराएवापत अनुसूची–१ बमोजिमको अवतरण दस्तुरको चालीस प्रतिशत दस्तुर लाग्नेछ ।

## अनुसूची - ७

(नियम ९ सँग सम्बन्धित)

## मालसामान (कार्गो) ढुवानी शुल्क

१. अन्तर्राष्ट्रिय उडानमा आगमन तर्फ प्रति किलोग्राम पचहत्तर पैसाका दरले

२. आन्तरिक उडानमा प्रस्थान तर्फ प्रति किलोग्राम पचास पैसा

द्रष्टव्यः

मालसामान तौल हिसाव गर्दा एक किलोग्राम भन्दा कम चानचुन तौल आएमा चानचुनलाई पनि एक किलोग्राम बराबरको शुल्क लगाइने र असूल गरिनेछ ।

# अनुसूची - ८
(नियम १० को उपनियम (१) सँग सम्बन्धित)
## यात्रु सेवा सुविधा शुल्क

१. अन्तर्राष्ट्रिय उडानमा
प्रति यात्रु (मू.अ.कर सहित) रु. ३०००।– (तीन हजार रुपैया)

२. आन्तरिक उडानमा

| क्र.सं. | विमानस्थल | यात्रुसेवा शुल्क रकम (१३ प्रतिशत मू.अ.कर सहित) |
|---|---|---|
| (१) | अन्तर्राष्ट्रिय विमानस्थलमा | रु ५००।– |
| (२) | चन्द्रगढी, विराटनगर, राजविराज, जनकपुर, सिमरा, भरतपुर, पोखरा, गौतमवुद्ध, तेन्जिङ्ग हिलारी (तेन्जिङ्ग हिलारी (लुक्ला), जोमसोम, नेपालगञ्ज, सुर्खेत र धनगढी विमानस्थलमा | रु ४००।– |
| (३) | तुम्लिङ्गटार, फाप्लु, रामेछाप, मेघौली, सिमिकोट, जुम्ला, रारा, ताप्लेजुङ, थामखर्क, भोजपुर, लामिडाँडा, रुम्जाटार, खानीडाँडा, दाङ, मनाङ्ग, बाजुरा, डोल्पा (जुफाल), डोल्पा (मसिनेचौर), डोटी, बैतडी, रुकुम (सल्ले), रुकुम (चौरजहारी), बझाङ्ग, र साँफेवगर विमानस्थलमा | रु ३००।– |
| (४) | उपखण्ड (१), (२) र (३) बाहेकका अन्य विमानस्थलहरुमा | रु २००।– |
| (५) | उपखण्ड (४) बमोजिमका कुनै विमानस्थलको धावनमार्ग कालोपत्र भई पक्की धावनमार्गबाट सेवा सञ्चालनमा आएको अवस्थामा प्राधिकरण व्यवस्थापनले सार्वजनिक सूचना जारी गरी तोकेको मितिबाट उपखण्ड (३) सरहको दस्तुर कायम हुनेछ । | |
| (६) | कुनै आन्तरिक विमानस्थल अन्तर्राष्ट्रिय विमानस्थलमा परिणत भएमा उपखण्ड (१) सरहको दस्तुर कायम हुनेछ | |

## अनुसूची - ९
(नियम ११ सँग सम्बन्धित)
## प्रवेश शुल्क

१. आगन्तुक प्रवेश शुल्क

(१) अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनमा रहेको भिजिटर्स डेकमा प्रवेश गर्दा मू.अ.कर सहितको पचास रुपैयाँ ।

(२) अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनको भिजिटर्स डेकमा प्रवेश गर्दा मू.अ.कर सहितको बीस रुपैयाँ

(३) अन्य विमानस्थलस्थित रहेको भिजिटर्स डेकमा प्रवेश गर्दा मू.अ.कर सहितको दश रुपैयाँ ।

(४) अन्तर्राष्ट्रिय विमानस्थलको निषेधित क्षेत्रमा प्रवेशका लागि जारी हुने प्रवेश पास वापत प्रत्येक दुई वर्षको लागि मू.अ.कर सहित एक हजार पाँच सय रुपैयाँ । उक्त प्रवेश पास हराई पुनः बनाउनु परेमा जरिवाना वापत एक हजार पाँच सय र नयाँ प्रवेश पास वापत एक हजार पाँच सय गरी मू.अ.क सहित तीन हजार रुपैयाँ ।

(५) आन्तरिक विमानस्थलको निषेधित क्षेत्रमा प्रवेशका लागि जारी हुने प्रवेश पास वापत प्रत्येक दुई वर्षको लागि मू.अ.कर सहित पाँच सय रुपैयाँ । उक्त प्रवेश पास हराई पुनः बनाउनु परेमा जरिवाना वापत पाँच सय र नयाँ प्रवेश पास वापत पाँच सय गरी मू.अ.कर सहित एक हजार रुपैयाँ ।

२. सवारी साधन प्रवेश दस्तुर (अन्तर्राष्ट्रिय विमानस्थलमा)

| क्र.सं. | सवारी साधान | दस्तुर (मू.अ.कर सहित) |
|---|---|---|
| (१) | हलुका सवारी साधन | प्रति दिन दुईसय पचास रुपैयाँ |
| (२) | हलुका सवारी साधन | प्रति महिना दुईहजार पाँच सय रुपैयाँ |
| (३) | हलुका सवारी साधान | प्रति तीन महिना पाँच हजार रुपैयाँ |
| (४) | ठूला सवारी साधन बस आदि | प्रति महिना दुई हजार पाँच सय रुपैयाँ |
| (५) | ठूला सवारी साधन बस आदि | प्रति तीन महिना पाँचहजार पाँचसय रुपैयाँ |

३. अन्य विमानस्थलमा सवारी साधन प्रवेश पास दस्तुर खण्ड २. मा उल्लेख भएको दस्तुरको आधा दस्तुर लाग्नेछ ।

४. विमानस्थल क्षेत्रभित्र कुनै व्यक्ति, फर्म वा संस्थाले सवारी साधान वा यन्त्र उपकरण अर्को व्यक्ति, फर्म वा संस्थालाई विमानस्थल कार्यालयको स्वीकृति लिई भाडामा उपलब्ध गराउँदा कायम गरिने भाडा रकमको पन्ध्र प्रतिशतले हुने आय अंश भाडामा उपलब्ध गराउने निकायले प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

५. द्रष्टव्य २. मा उल्लिखित सवारी साधन बाहेकका सरकारी, कुटनैतिक, गैरसरकारी संघ, संस्थाको हकमा पाँच सय रुपैयाँ प्रति पास (स्थायी) दस्तुर लिई उपलब्ध गराउन सकिनेछ ।

<u>द्रष्टव्य:</u>

१. विमानस्थलमा खटिने सरकारी निकाय, मन्त्रालयका सम्बन्धित पदाधिकरिहरू, प्राधिकरणका कर्मचारी, सुरक्षा प्रहरी गार्ड तथा सैनिकलाई दस्तुर विना नै विमानस्थल प्रवेश पास उपलब्ध गराउनु पर्नेछ ।

२. विमानस्थल कार्यालय र विमानस्थल सुरक्षा प्रहरी गार्ड तथा सैनिक कार्यालयका सवारी साधन र यन्त्र उपकरणको प्रवेश दस्तुर लाग्ने छैन।

३. सिकिस्त बिरामी बोकेर ल्याउने एम्बुलेन्सलाई Valid Document पेश गरेको आधारमा प्रवेश दस्तुर लाग्ने छैन ।

४. विमानस्थलको निषेधित क्षेत्र प्रवेश पास उपलब्ध गराउने तथा लाग्ने दस्तुर सम्बन्धी अन्य व्यवस्था मन्त्रालयको सहमतिमा प्राधकरणले जारी गरेको निर्देशिकामा ब्यवस्था भएबमोजिम हुनेछ ।

# अनुसूची - १०

(नियम १२ सँग सम्बन्धित)

## उद्वार तथा अग्नि निवारण सेवा शुल्क

१. रन्वे फोमिङ बापत

| वायुयानको तौल | दस्तुर |
|---|---|
| दश हजार किलोग्राम सम्मको वायुयानको लागि | प्रति हजार किलोग्रामको अमेरिकी डलर एक सय वा सो बराबरले हुन आउने नेपाली रुपैयाँ । |
| दश हजार किलोग्राम भन्दा बढी पच्चीसहजार किलोग्राम सम्मको वायुयानको लागि | पहिलो दश हजार किलोग्राम सम्मको लागि अमेरिकी डलर एक हजार र त्यसपछि प्रति हजार किलोग्रामको लागि अमेरिकी डलर साठीका दरले वा सो बराबरले हुन आउने नेपाली रुपैयाँ । |
| पच्चीस हजार किलोग्राम भन्दा बढीको वायुयानको लागि | पहिलो पच्चीस हजार किलोग्राम सम्मको लागि अमेरिकी डलर दुई हजार एक सय र त्यसपछि प्रति हजार किलोग्रामको अमेरिकी डलर अठारका दरले वा सो बराबरले हुन आउने नेपाली रुपैयाँ। |

२. उद्वार तथा अग्नि निवारण सेवा शुल्क (अग्नि निवारण सेवा उपलब्ध भएका विमानस्थलहरूको लागि मात्र)

| वायुयानको तौल | दस्तुर |
|---|---|
| दश हजार किलोग्राम सम्मको वायुयानको लागि | प्रति अवतरण एक डलर वा सो वरावरले हुन आउने नेपाली रुपैयाँ । |
| दश हजार किलोग्राम भन्दा बढी पच्चीस हजार किलोग्रामसम्मको वायुयानको लागि | प्रति अवतरण एक डलर पचास सेन्ट वा सो वरावरले हुन आउने नेपाली रुपैयाँ । |
| पच्चीस हजार किलोग्राम भन्दा बढीको वायुयानको लागि | प्रति अवतरण दुई डलर पचास सेन्ट वा सो बराबरले हुन आउने नेपाली रुपैयाँ। |

## अनुसूची - ११
(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

## हवाई इन्धन बिक्री सेवा शुल्क

बिक्री भएको हवाई इन्धनको मूल्यको शून्य दशमलव चार प्रतिशत ।

## अनुसूची - १२

(नियम १४ को उपनियम (१) र (४) सँग सम्बन्धित)

### क्याटरिङ्ग सेवा शुल्क

१. क्याटरिङ्ग सेवा सञ्चालनका लागि आवेदन शुल्क रु १०,०००।–

२. क्याटरिङ्ग सेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र शुल्क रु १,००,०००।–

३. क्याटरिङ्ग सेवा सञ्चालन गर्ने अनुमति तथा प्रमाणपत्र नवीकरण शुल्क रु ५०,०००।–

४. क्याटरिङ्ग सेवा सञ्चालन गर्ने अनुमति तथा प्रमाणपत्र प्राप्त गर्न राख्नुपर्ने धरौटी रु ५,००,०००।–

५. कमर्शियल क्याटरिङ्ग सेवा सञ्चालन गर्दा विक्री गरेको बिलमा उल्लिखित रकमको दश प्रतिशत रकम बुझाउनु पर्नेछ ।

६. सेल्फ क्याटरिङ्ग सेवा सञ्चालन गर्ने वायुसेवा सञ्चालन संस्थाले प्रति यात्रु अमेरिकी डलर चालीस सेन्टका दरले रकम बुझाउनु पर्नेछ ।

## अनुसूची - १३

(नियम १५ को उपनियम (१) सँग सम्बन्धित)

## मालसामान (कार्गो) प्रबन्ध सेवा शुल्क

१. अन्तर्राष्ट्रिय तर्फ

| मालसामानको प्रकृति | निर्यात गर्दा | आयात गर्दा |
|---|---|---|
| (१) साधारण मालसामान | प्रति के.जी. एक रुपैयाँ वा दुई सय रुपैयामध्ये जुन बढी हुन्छ। | प्रति के.जी. पाँच रुपैयाँ पैतीस पैसा वा एक सय रुपैयामध्ये जुन बढी हुन्छ । |
| (२) बहुमूल्य सुन चाँदी जवाहरात जस्ता वस्तुहरू | प्रति के.जी. दुई रुपैया पचास पैसा वा दुई सय पचास रुपैयाँमध्ये जुन बढी हुन्छ । | प्रति के.जी. आठ रुपैयाँ वा दुई सय रुपैयाँमध्ये जुन बढी हुन्छ। |
| (३) नाशवान मालसामान | प्रति के.जी. दुई रुपैयाँ वा दुई सय रुपैयाँ जुन बढी हुन्छ । | प्रति के.जी आठ रुपैयाँ वा दुई सय रुपैयाँमध्ये जुन बढी हुन्छ। |
| (४) खतराजन्य बस्तु | प्रति के.जी. पाँच रुपैयाँ वा पाँच सय रुपैयाँमध्ये जुन बढी हुन्छ । | प्रति के.जी सोह्र रुपैयाँ वा चार सय रुपैयाँ मध्ये जुन बढी हुन्छ। |
| (५) एक्सप्रेस कुरियर ब्याग, एक्सप्रेस कुरियर पार्सल र एक्सप्रेस कार्गो | प्रति के.जी. पाँच रुपैयाँ वा एकसय रुपैयाँमध्ये जुन बढी हुन्छ । | प्रति के.जी. पाँच रुपैया वा दुई सय रुपैयाँ मध्ये जुन बढी हुन्छ। |
| (६) जीवित जनावर आयात वा निर्यात गर्दा बहुमूल्य मालसामान आयात वा निर्यात गर्दा लाग्ने दस्तुरको दोब्बर दस्तुर । | | |

२. आन्तरिक तर्फ

(१) अन्तर्राष्ट्रिय विमानस्थलमा - प्रति के.जी एक रुपैयाँ

(२) सुर्खेत, पोखरा, जोमसोम, तेन्जिङ्ग हिलारी (लुक्ला) र तराईका विमानस्थलहरूमा - प्रति के.जी. पचास पैसा

(३) अन्य विमानस्थलमा - प्रति के.जी. पच्चीस पैसा

<u>द्रष्टव्य:</u>

१. खण्ड १. बमोजिम अन्तर्राष्ट्रिय विमानस्थलमा उल्लिखित मालसामानको वर्गीकरण अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले मान्यता दिएको मालसामानको हवाई ढुवानीको महसुल सम्बन्धी नियमावली (एयर कार्गो ट्यारिफ रुल्स) बमोजिम हुनेछ ।

२. प्यालेटाइजेशन तथा डि–प्यालेटाइजेशन गर्नु परेमा प्रतिटन पचास रुपैयाँ थप दस्तुर लाग्नेछ ।

३. मालसामान धनीको अनुरोधमा कार्यालयको अतिरिक्त समय र विदाको दिनमा मालसामान प्रबन्ध गर्नु परेमा प्रति पुलिन्दा (कन्साइनमेन्ट) दुईसय रुपैयाँ थप दस्तुर लाग्नेछ ।

४. निर्यात गर्दा पहिलो सात दिनसम्मको लागि डेमरेज दस्तुर लाग्ने छैन। सो अवधिपछि तीस दिनसम्म प्रति केजी पचहत्तर पैसा र एकतीसौं दिनदेखि साठी दिनसम्म प्रति के.जी एक रुपैया पचहत्तर पैसाका दरले डेमरेज शुल्क लाग्नेछ ।

५. आयात गर्दा पहिलो सात कार्य दिनसम्म डेमरेज दस्तुर लाग्ने छैन। सो अवधिपछि तीस दिनसम्म प्रति केजी दुई रुपैयाँ र एकतिसौं दिनदेखि साठी दिनसम्म दुई रुपैयाँ पचास पैसाका दरले डेमरेज शुल्क लाग्नेछ। तर छुट दिएको अवधिभित्र मालसामान नलगेमा त्यस्तो मालसामान प्राप्त भएको मितिदेखि नै डेमरेज शुल्क लाग्नेछ ।

६. गोदामभित्र तौल गर्दा साविकमा देखाइएको भन्दा बढी तौल भएमा लाग्ने दस्तुरको दोब्बर दस्तुर लाग्नेछ ।

७. विदेशबाट नेपालमा वा नेपालबाट विदेशमा मानव अवशेष ल्याउने लैजाने सिलसिलामा सोको प्रबन्ध गरे वापत कुनै दस्तुर लाग्ने छैन।

८. यस अनुसूचीमा उल्लेख गरिएको मालसमान (कार्गो) प्रबन्ध सेवा दस्तुरहरू प्रत्येक दुई वर्षमा १० प्रतिशतका दरले स्वतः वृद्धि हुनेछ।

९. मृत शरीर र दैवी प्रकोपको मालसामानमा प्रबन्ध वापतको दस्तुर लाग्ने छैन।

१०. यस अनुसूचीको खण्ड ३. मा उल्लेखित "नाशवान मालसामान" भन्नाले कृषिजन्य वस्तुहरु, माछा, अण्डा, मासु, सागसब्जी, फलफूलजस्ता छिट्टै नाश हुने र विशेष प्रकारले भण्डारण, ओसारपसार तथा व्यवस्थापन गर्नुपर्ने सामान सम्झनु पर्छ ।

११. यस अनुसूचीको खण्ड ४. मा उल्लेखित "खतराजन्य वस्तु" भन्नाले गोला, बारुद, गोली गट्ठा, विष्फोटक पदार्थ र रसायन पदार्थहरु सम्झनुपर्छ र सो शब्दले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्न सक्ने र विशेष प्रकारले भण्डारण तथा ओसारपसार तथा व्यवस्थापन गर्नुपर्ने मालसामान समेतलाई जनाउँछ ।

# अनुसूची - १४

(नियम १६ को उपनियम (१) सँग सम्बन्धित)

## ट्रान्जिट कार्गो सेवा शुल्क

१. विमानस्थलमा रिप्याकेटिङ्ग नहुने सिङ्गल एरोबिल भएका मालसामानको ट्रान्जिट कार्गो प्रवन्ध बापत प्रति के.जी. पचास पैसाका दरले

२. विमानस्थलमा रिप्याकेटिङ्ग हुने वा डबल एरोबिल भएका मालसामानको ट्रान्जिट कार्गो प्रवन्ध बापत प्रति के.जी. एक रुपैयाँका दरले

३. विमानस्थलमा चौबीस घण्टाभन्दा बढी समय वेयर हाउसमा रहने वस्तु वा मालसामानको ट्रान्जिट कार्गो प्रबन्ध बापत खण्ड १. र २. मा उल्लखित शुल्कमा पचास प्रतिशत थप गरी हुन आउने दरमा

<u>द्रष्टव्यः</u>

१. ट्रान्जिट कार्गो सेवा सञ्चालन गर्ने अनुमति तथा प्रमाणपत्रको लागि लाग्ने शुल्क तथा धरौटी अनुसूची-३ मा भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा तर्फ कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्गका लागि निर्धारण भए सरह हुनेछ ।

२. ट्रान्जिट कार्गो ह्याण्डलिङ्ग गर्दा ट्रान्सपोर्ट सेवा उपलव्ध गराउने संस्थाले सो वापत आर्जन गरेको कूल आय (Gross Revenue) को न्यूनतम पन्ध्र प्रतिशत रकम प्राधिकरणलाई बुझाउनु पर्नेछ ।

# अनुसूची - १५

(नियम १७ सँग सम्बन्धित)

## यात्रु परिवहन सेवा शुल्क

यात्रु परिवहन सेवा उपलब्ध गराउँदा कुल विक्री (Gross Sales) रकमको पन्ध्र प्रतिशतले हुने रकम।

# अनुसूची - १६

(नियम १८ सँग सम्बन्धित)

## वायुयान आश्रय गृह (हैङ्गर) बहाल शुल्क

१. अन्तर्राष्ट्रिय विमानस्थलमा प्रतिमहिना प्रतिवर्गमिटर तीन सय रुपैयाँ

२. अन्य विमानस्थलमा प्रतिमहिना प्रति वर्गमिटर एक सय पचास रुपैयाँ ।

## अनुसूची - १७

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

## विज्ञापन शुल्क

१. अन्तर्राष्ट्रिय विमानस्थलमा

(१) अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय तथा आन्तरिक टर्मिनल भवन भित्र प्रतिमहिना प्रतिवर्गमिटर पाँच हजार रुपैयाँका दरले बढाबढ प्रक्रियाद्वारा कायम हुन आउने रकम ।

(२) अन्तर्राष्ट्रिय विमानस्थलको कार्गो टर्मिनल भवन भित्र प्रति महिना प्रति वर्गमिटर तीन हजार रुपैयाँका दरले बढाबढ प्रक्रियाद्वारा कायम हुन आउने रकम ।

(३) अन्तर्राष्ट्रिय वा आन्तरिक टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्र भित्र प्रतिमहिना प्रति वर्गमिटर एक हजार छ सय रुपैयाँका दरले बढाबढ प्रक्रियाद्वारा कायम हुन आउने रकम ।

(४) अन्तर्राष्ट्रिय वा आन्तरिक टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्र भित्र कुनै किसिमको व्यानर, प्लेकार्ड आदि अस्थायी रुपमा राख्न प्रतिदिन प्रतिवर्गमिटर एक हजार रुपैयाँ ।

(५) कुनै व्यवसायिक संस्थाले Flight Information Display System आफ्नो व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न चाहेमा रोयल्टी वापत प्रतिवर्ष अमेरिकी डलर एक हजार ।

(६) एउटै विज्ञापन बोर्डबाट दुबै तर्फ देखिने गरी बिज्ञापन गरेमा नियमानुसार लाग्ने विज्ञापन शुल्कमा थप पचास प्रतिशत शुल्क लाग्नेछ ।

(७) गौतमबुद्ध र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सञ्चालन नभएसम्म खण्ड २. को उपखण्ड (१) मा तोकिए बमोजिमको शुल्क लाग्नेछ ।

२. आन्तरिक विमानस्थलमा

(१) चन्द्रगढी, विराटनगर, जनकपुर, सिमरा, भरतपुर, मेघौली, तेन्जिङ्ग हिलारी (लुक्ला), जोमसोम, नेपालगन्ज, सुर्खेत र धनगढी विमानस्थलमा टर्मिनल भवन भित्र प्रतिमहिना प्रति वर्गमिटर एक हजार रुपैयाँ र टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्रभित्र प्रतिमहिना प्रति वर्गमिटर छ सय रुपैयाँका दरले बढाबढ प्रक्रियाद्वारा कायम हुन आउने रकम।

(२) उपखण्ड (१) बाहेकका अन्य विमानस्थलको टर्मिनल भवन भित्र प्रति महिना प्रति वर्गमिटर चार सय रुपैयाँ र टर्मिनल भवन बाहिर विमानस्थल क्षेत्र भित्र प्रति महिना प्रति वर्गमिटर दुई सय रुपैयाँका दरले बढाबढ प्रक्रियाद्वारा कायम हुन आउने रकम ।

# अनुसूची - १८

(नियम २१ सँग सम्बन्धित)

## व्यागेज स्क्रिनिङ्ग शुल्क

१. विमानस्थलमा वायुसेवा सञ्चालन संस्थाले राखेको Secondary Baggage Screening सेवा अन्य वायुसेवा सञ्चालन संस्थालाई उपलव्ध गराएवापत प्राप्त हुने कूल आम्दानीको पन्ध्र प्रतिशत रकम।

२. अन्तर्राष्ट्रिय विमानस्थलमा विमानस्थल कार्यालयको तर्फबाट राखेको Secondary Baggage Screening सेवा वापत प्रति उडान Small Category मा अमेरिकी डलर तीस, Medium Category मा अमेरिकी डलर चालीस र Wide Body Category मा अमेरिकी डलर पचास।

३. कुनै वायुसेवा सञ्चालन संस्थाले अर्को कुनै वायुसेवा सञ्चालन संस्थालाई शुल्क लिई कुनै सेवा प्रदान गर्दा ग्रस बिलको पन्ध्र प्रतिशत रोयल्टी रकम ।

## अनुसूची - १९

(नियम २२ सँग सम्बन्धित)

## एरोनटिकल अपरेशन कन्ट्रोल कम्युनिकेशन (AOCC) शुल्क

१. अन्तर्राष्ट्रिय वायुसेवा तर्फ

(१) तीनवटा सम्म वायुयान सञ्चालन गर्ने संस्थाले मूल्य अभिवृद्धि कर बाहेक वार्षिक अमेरिकी डलर बीस हजार ।

(२) तीन भन्दा बढी वायुयान सञ्चालन गर्ने संस्थाले तीनवटा वायुयानको लागि उपखण्ड (१) बमोजिमको शुल्कर त्यसपछिका प्रति वायुयानको लागि मूल्य अभिवृद्धि कर बाहेक वार्षिक अमेरिकी डलर दुई हजारका दरले हुन आउने रकम ।

२. आन्तरिक वायुसेवा तर्फ

(१) तीनवटा सम्म वायुयान सञ्चालन संस्थाले मूल्य अभिवृद्धि कर वाहेक वार्षिक दश लाख रुपैयाँ।

(२) तीनभन्दा बढी वायुयान सञ्चालन गर्ने संस्थाले तीनवटा वायुयानको लागि उपखण्ड (१) बमोजिमको शुल्क र त्यसपछिका प्रति वायुयानको लागि मूल्य अभिवृद्धि कर वाहेक वार्षिक एक लाख रुपैंयाका दरले हुन आउने रकम ।

## अनुसूची - २०

(नियम २३ को उपनियम (४) र (५) सँग सम्बन्धित)

### CUPPS वा CUTE तथा BRS सेवा शुल्क

१. टर्मिनल उपकरणको साझा उपयोग सम्वन्धी सेवा शुल्क

कार्यालयले विमानस्थलमा टर्मिनल उपकरणको साझा उपयोग (Common User Terminal Equipment - CUTE) वा (Common User of Passenger Processing System–CUPPS) वा CUSS-Kiosks सेवा उपलब्ध गराएवापत सम्बन्धित वायुसेवाबाट सोझै वा सेवा प्रदायक मार्फत प्रति यात्रु अमेरिकी डलर एक (मूल्य अभिवृद्धि कर बाहेक) का दरले शुल्क लगाउने तथा असुल उपर गर्नेछ ।

२. व्यागेज रिकन्सिलिएशन प्रणाली (BRS) सेवा उपयोग शुल्क

प्राधिकरणले विमानस्थलमा व्यागेज रिकन्सिलिएशन प्रणाली (Baggage Reconciliation System –BRS) सेवा उपलब्ध गराए वापत सम्बन्धित वायुसेवाबाट सोझै वा सेवा प्रदायक मार्फत प्रति यात्रु अमेरिकी डलर पैंतीस सेन्ट (मूल्य अभिवृद्धि कर बाहेक) का दरले शुल्क लगाउने तथा असुल उपर गर्नेछ ।

## अनुसूची - २१

(नियम २४ सँग सम्बन्धित)

## चलचित्र छायाङ्कन शुल्क

चलचित्र, भिडियो चलचित्र, वृत चित्र आदि खिचे वापत सम्बन्धित चलचित्र निर्मातासँग प्रत्येक ६ घण्टाको एक पटकको दरले अन्तर्राष्ट्रिय विमानस्थलमा पन्ध्र हजार रुपैयाँ र आन्तरिक विमानस्थलमा सातहजार रुपैयाँका दरले ।

## अनुसूची - २२
(नियम २५ को उपनियम (१) सँग सम्बन्धित)
## भवन तथा कोठा बहाल शुल्क

१. अन्तर्राष्ट्रिय विमानस्थलको (क) अन्तर्राष्ट्रिय टर्मिनल भवनको चेक इन एरिया बाहिर प्रतिमहिना प्रति वर्गमिटर एक हजार आठ सय रुपैयाँ, (ख) चेक इन एरियामा प्रति महिना प्रति वर्गमिटर दुई हजार चार सय रुपैयाँ, (ग) आगमन तर्फ प्रतिमहिना प्रति वर्गमिटर तीन हजार रुपैयाँ, (घ) प्रस्थान तर्फ प्रति महिना प्रतिवर्गमिटर तीन हजार छ सय रुपैयाँ, (ङ) स्टेराइल एरियामा प्रति महिना प्रति वर्गमिटर छ हजार रुपैयाँ र (च) अन्तर्राष्ट्रिय अपरेशन एअरलाइन्स बिल्डिङ्गमा प्रतिमहिना प्रति वर्गमिटर दुई हजार एक सय साठी रुपैयाँ ।

२. अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवन तथा कार्गो टर्मिनलमा प्रति महिना प्रति वर्गमिटर एक हजार दुई सय रुपैयाँ ।

३. आन्तरिक तर्फका विराटनगर, तेन्जिङ्ग हिलारी (लुक्ला), नेपालगन्ज, विमानस्थल टर्मिनलको (क) चेकइन एरिया बाहिर प्रति महिना प्रति वर्गमिटर रु. ३०० रुपैयाँ, (ख) चेकइन एरियामा रु. ३६० रुपैया, (ग) चेकइन एरिया पछिको प्रस्थान एरियामा रु. ४०० रुपैयाका दरले र (घ) सो बाहेकको अन्य क्षेत्रमा रु. २५० का दरले ।

४. चन्द्रगढी, राजविराज, जनकपुर, सिमरा, भरतपुर, जोमसोम, दाङ, सुर्खेत र धनगढी विमानस्थलको (क) चेकइन एरिया बाहिर प्रति महिना प्रति वर्गमिटर दुई सय रुपैयाँ, (ख) चेकइन एरियामा दुई सय पचास रुपैया, (ग) चेकइन एरिया पछिको प्रस्थान एरियामा तीन सय

रुपैयाका दरले र र (घ) सो बाहेकको अन्य क्षेत्रमा एक सय पचास रुपैयाँका दरले ।

५. अन्य विमानस्थलमा प्रति महिना प्रति वर्गमिटर एकसय असी रुपैयाँ

६. खण्ड १. र २. मा लेखिए बाहेक अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्र भित्रको अन्य कुनै भवन, भवनको कुनै भाग वा कोठामा प्रति महिना प्रति वर्गमिटर एक हजार रुपैयाँ ।

७. गौतमबुद्ध र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सञ्चालन नभए सम्म खण्ड ३. मा तोकिए बमोजिमको शुल्क लाग्नेछ ।

## अनुसूची - २३

(नियम २६ को उपनियम (१) र (३) तथा नियम ४८ को
उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

### जग्गा बहाल शुल्क

१. अन्तर्राष्ट्रिय विमानस्थलमा

(१) व्यावसायिक प्रयोजनको लागि जग्गा बहालमा उपलब्ध गराउँदा प्रति वर्ष प्रति वर्गमिटर न्युनतम छ सय रुपैयाँका दरले बढाबढ प्रक्रियाद्वारा निर्धारित दरमा ।

(२) प्राधिकरणबाट सञ्चालन प्रमाणपत्र प्राप्त वायुसेवा सञ्चालन संस्था, मर्मत सम्भार संस्था, Flying School आदिलाई ह्याङ्गर वा ईन्जिनियरिङ्ग/मर्मत सम्भार संरचना निर्माणको लागि जग्गा बहालमा उपलब्ध गराउँदा प्रति वर्ष प्रति वर्गमिटर तीन हजार रुपैयाँका दरमा ।

(३) कृषि प्रयोजनको लागि प्रति रोपनी प्रतिवर्ष न्यूनतम एक हजार रुपैयाँका दरले बढाबढ प्रक्रियाद्वारा कायम हुन आउने रकम ।

(४) गल्फ कोर्ष तथा अन्य खेलकुदका लागि प्रति रोपनी प्रति वर्ष न्यूनतम दुई हजार रुपैयाँका दरले बढावढ प्रक्रियाद्वारा कायम हुन आउने रकम ।

(५) इक्वीपमेन्ट यार्डमा प्रति वर्ष प्रति वर्गमिटर एक हजार रुपैयाँका दरले ।

२. आन्तरिक विमानस्थलहरूमा

(१) व्यावसायिक प्रयोजनको लागि जग्गा बहालमा उपलब्ध गराउँदा प्रति वर्ष प्रति वर्गमिटर न्युनतम तीनसय रुपैयाँका दरले बढाबढ प्रक्रियाद्वारा निर्धारित दरमा ।

(२) प्राधिकरणबाट सञ्चालन प्रमाण पत्र प्राप्त वायुसेवा सञ्चालन संस्था, मर्मत सम्भार संस्था, Flying School आदिलाई ह्याङ्गर वा

ईन्जिनियरिङ्ग/मर्मत सम्भार संरचना निर्माणको लागि जग्गा बहालमा उपलब्ध गराउँदा प्रति वर्ष प्रति वर्गमिटर एक सय पचास रुपैयाँका दरमा।

(३) कृषि प्रयोजनको लागि प्रति रोपनी प्रतिवर्ष एक हजार रुपैयाँका दरले बढाबढ प्रक्रियाद्वारा कायम हुन आउने रकम ।

(४) विमानस्थल सौन्दर्यीकरण, बगैचा, गल्फ क्लव तथा अन्य खेलकुदका लागि प्रतिरोपनी प्रतिवर्ष एक हजार रुपैयाँका दरले ।

(५) इक्वीपमेन्ट यार्डमा प्रति वर्ग मिटर प्रति वर्ष तीन सय रुपैयाँका दरले ।

## अनुसूची - २४

(नियम २७ को उपनियम (१), (३), (४) र (५)  सँग सम्बन्धित)

## अन्य सेवा शुल्क

१. विद्युत सेवा शुल्क

(१) सवमिटर जडान भएकोमा नेपाल विद्युत प्राधिकरणले लिने प्रति युनिट इनर्जी शुल्कको अधिकतम दरमा पचास प्रतिशत सेवा शुल्कथप गरी सवमिटरले देखाए अनुसार खपत युनिटको दरले।

(२) सवमिटर जडान नभएकोमा नेपाल विद्युत प्राधिकरणले लिने मासिक इनर्जी बील रकमलाई विमानस्थल भवनको क्षेत्रफलले भाग गरी भाडामा लिएको क्षेत्रफल (रेण्टेड एरिया)  ले गुणन गर्दा आउने अङ्कमा पचास प्रतिशत सेवा शुल्कथप गरी हुन आउने रकम ।

(३) विमानस्थल भित्र तीन फेजको विद्युत सेवा उपयोग गर्ने संस्था वा व्यक्तिले पचास प्रतिशत शुल्क थप गरी हुन आउने डिमाण्ड शुल्क।

२. टेलिफोन सेवा शुल्क

(१) दूरसञ्चार कम्पनीबाट लिइएका डाइरेक्ट लिज लाईनको लागि विमानस्थल कार्यालयको केबुल तथा सर्भिस उपलब्ध गराए वापत केबुल सर्भिस चार्ज प्रति लाईन प्रतिमहिना तीन सय रुपैयाँ ।

(२) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको पी.ए.बी. एक्स लाईन प्रयोग गरेवापत देहाय बमोजिमको दस्तुर लाग्नेछः

(क) मिटर जडान नभएकोमा इन्टरकम तथा लोकल कलको लागि प्रतिमहिना पाँचसय रुपैयाँ ।

(ख) मिटर जडान भएकोमा नेपाल दूर सञ्चार संस्थानले लिइने टेलिफोन महशुलमा पच्चीस प्रतिशत सेवा दस्तुर थप गरी हुन आउने रकम कुल संख्याको आधारमा इन्टरकम सेवा प्रयोग गरे मासिक एक सय पचास रुपैयाँ ।

(ग) लाईन कम्युनिकेशन गर्न गराउन चाहने व्यक्तिले सम्बन्धित विमानस्थलको अनुमति लिनु पर्नेछ । जडान गर्न आवश्यक ड्रप वायर इत्यादि जडान गराउन चाहने व्यक्ति वा संस्थाले नै व्यहोर्नु पर्नेछ। अनुमति लिई सेवा उपलब्ध गराउँदा त्यस्तो संस्थाले सम्बन्धित उपभोक्तासंग लिने रकमको पन्ध्र प्रतिशतले हुन आउने दस्तुर सम्बन्धित विमानस्थल कार्यालयलाई बुझाउनु पर्नेछ ।

(३) डाटाको लागि प्रयोग गर्न लिइएका अप्टिकल फाइबर लिज लाइनको लागि विमानस्थल कार्यालयको केबुल तथा सेवा उपलब्ध गरेवापत अप्टिकल फाइबर सर्भिस चार्ज प्रतिमहिना प्रतिच्यानल एकहजार रुपैयाँ र थप च्यानल प्रयोग गरे वापत प्रतिमहिना प्रति च्यानल पाँचसय रुपैयाँ ।

(४) डाटा सर्भिसको लागि प्रयोग गर्न लिइएका इन्टरनेट–यु.टि.पि.-अन्य केबुल चार्ज लाइन प्रयोग गर्दा विमानस्थल कार्यालयको केबुल तथा सेवा उपलब्ध गरेवापत केबुल सर्भिस चार्ज प्रतिमहिना प्रतिलाइन पाँचसय रुपैयाँ ।

३. मौसमी सेवा शुल्क

(१) आन्तरिक उडानका वायुयानहरूले प्रत्येक उडान वा अवतरणको अमेरिकी डलर दशका दरले मौसमी सेवा शुल्क बुझाउनु पर्नेछ ।

(२) अन्तर्राष्ट्रिय उडानका वायुयानहरूले प्रत्येक उडान वा अवतरणको अमेरिकी डलर पन्ध्रका दरले मौसमी सेवा शुल्क बुझाउनु पर्नेछ ।

४. कक्षहरू प्रयोग सेवा शुल्क :

(१) Multimedia प्रयोग गर्ने गरी–६ घण्टाको लागि तीनहजार रुपैंया

(२) Multimedia प्रयोग नगर्ने गरी–प्रतिदिनको लागि तीनहजार रुपैंया

<u>द्रष्टव्यः</u>

उड्डयन सुरक्षा सम्बन्धी कार्यक्रमहरूका लागि कक्षहरू प्रयोग गरे वापतको शुल्क लाग्ने छैन।

५. सुरक्षा जाँच शुल्क (सेक्युरिटी चार्ज)

अनुसूची -१ मा तोकिएको अवतरण शुल्कको दश प्रतिशत ।

६. Air Ground Data Link Service Charge

वायुसेवा सञ्चालन संस्थाले Air Ground Data Link Service उपलब्ध गराउने सेवा प्रदायक संस्थाले कार्यालयलाई वार्षिक पाँच लाख रुपैयाँ वा सो सेवा उपलब्ध गराउँदा त्यस्तो संस्थाले सो सेवा वापत सम्वन्धित विमानस्थलबाट हुने कुल आयको पन्ध्र प्रतिशतमध्ये जुन बढी हुन्छ सोबमोजिमको रकम सम्बन्धित कार्यालय वा प्राधिकरणले तोकेको अन्य कार्यालयमा बुझाउनु पर्नेछ।

७. Managed Wide Area Network (WAN) Service Charge

कुनै संस्थाले प्राधिकरणको सहमति लिई विमानस्थलमा वायुसेवा सञ्चालन संस्थालाई Managed Wide Area Network (WAN) Service उपलब्ध गराउँदा त्यस्तो संस्थाले सो सेवावापत सम्वन्धित विमानस्थलबाट हुने कुल आयको पन्ध्र प्रतिशत रकम विमानस्थल कार्यालयमा बुझाउनु पर्नेछ ।